# नेपाल राजपत्र

## भाग ४

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, असार २० गते २०३४ साल


श्री ५ को सरकार

### अर्थ मन्त्रालयको

### सूचना

माननीय अर्थ मन्त्री श्री भेषबहादुर थापाले २०३४ साल आषाढ २० गते रोज २ का दिन दिनुभएको आर्थिक वर्ष २०३४।३५ को बजेट वक्तव्य सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ।

अध्यक्ष महोदय,

नेपालको विकासको अभियान चुनौतीपूर्ण छ। हाम्रो भविष्य निर्माण गर्ने क्रममा एकातिर केही क्षेत्रहरूमा प्रगतिको लक्षण देखापरेका छन् भने अर्कोतर्फ हाम्रा समस्या जेलिंदै पनि गएका छन्। समष्टि रूपमा हेर्ने हो भने आजको देशको आर्थिक अवस्था बारे हामी चिन्तनशील रहनुपर्ने अवस्था छ तर विचलित हुने कारण छैन।

राष्ट्रको आर्थिक गतिविधिको लेखाजोखा गरेर देखापरेका समस्याहरूलाई निराकरण गर्ने प्रयासको प्रमुख माध्यम वार्षिक बजेट हो। आजको वास्तविकता र चुनौतिलाई सकारेर राष्ट्रले निर्धारण गरेको लक्ष्यतर्फ अगाडि बढ्ने दृष्टिकोण राखी आज पुनः सदनमा आयव्यय विवरण पेश गर्न उपस्थित भएको छु। विद्यमान आर्थिक अवस्थाको सिंहावलोकन गर्दा कुनै क्षेत्रमा हामी आशातीत मात्रामा प्रगति हासिल गर्दछौं भने कतै समस्याको गम्भीरता पनि बढ्दै गएको पाउँदछौं। राजधानी र देशका केही शहरी क्षेत्रहरूमा देखिएका आधुनिकताको चिह्नहरू वा सरकारी



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

९५५

क्षेत्रमा सञ्चालन गरिएका केही ठूला आयोजनाहरू वा ग्रामीण क्षेत्रमा यदाकदा देखिन थालेका ट्राक्टर जस्ता आधुनिक उपकरणहरूबाट हामीले केही सान्त्वना लिन सके तापनि बहुसंख्यक देशवासीको आर्थिक अवस्थाले हाम्रो आजको पिंढीलाई पिरोल्न छाड्ने छैन । यस वर्ष बजेट तर्जुमा गर्दा अर्थ तन्त्रभित्र देखापरेका हाम्रा यी समस्याहरूलाई समष्टि रूपमा हेरी श्री ५ को सरकारले आयव्यय र साधन परिचालनको नीति अपनाएको छ । विकासको नीति तथा कार्यक्रम तर्जुमा गर्ने काम सम्पूर्ण राष्ट्रको सामूहिक प्रयास हुन आउँदछ । यस क्रममा माननीय सदस्यहरूले व्यक्त गर्नु भएका भावनाहरू र देशव्यापी पञ्च–सहभागीहरूले दर्शाउनु भएका सक्रियताला मैले नीति निर्धारण गर्दा मार्ग निर्देशिकाको रूपमा लिएको छु र जसको लागि म सबैप्रति आभार पनि प्रकट गर्न चाहन्छु ।

श्री ५ महाराजाधिराज सरकारबाट यस बैठकको शुरूआतमा बक्सेको शाही सम्बोधनमा राष्ट्रलाई "आत्मनिर्भरताको बाटोमा अग्रसर भै जनताको न्यूनतम आवश्यकता पूरा गर्ने" आर्थिक व्यवस्थातर्फ छिटै पुग्न सक्रिय प्रयास गर्ने निर्देशन हामी सबैलाई बक्सेको छ । मैले प्रस्तुत गर्न लागेको आयव्यय विवरण र यसमा अन्तर्निहित आर्थिक नीतिहरू हाम्रो अर्थ व्यवस्थालाई त्यस दिशातर्फ अगाडि बढाउने प्रयासको रूपमा प्रस्तुत गर्दछु ।

आर्थिक सर्भेक्षणबाट देशमा विद्यमान अवस्थाको चित्रण पाइन्छ । त्यसका केही मुख्य बुंदाहरूको विवेचना म यहाँ पनि गर्न चाहन्छु । मैले अघि संकेत गरेझैं विगत वर्षको प्रयासबाट विशेष उपलब्धि हासिल भएका छन् तर अर्थ व्यवस्थाको केही पक्षमा भने सुधार गर्न ठोस प्रयास गर्नुपर्ने अवस्था छ ।

यस आर्थिक वर्षको मध्यावधिक मूल्याङ्कनबाट श्री ५ को सरकारको विकास कार्यान्वयन प्रगति गत वर्ष औषत ५४ प्रतिशत भएकोमा यस वर्षको औषत उपलब्धि ६४ प्रतिशत पुगेको देखिन्छ । यस प्रकार श्री ५ को सरकारको विकास कार्यहरूको कार्यान्वयन गर्ने क्षमतामा वृद्धि भएको कुरा योजनाको मूल्याङ्कनबाट देखिएको छ र यो उत्साहवर्द्धक लक्षण हो । यस प्रशासनिक यन्त्रको क्षमतामा भएको वृद्धिको पनि राम्रो संकेत दिन्छ ।

उत्पादनतर्फ यस वर्ष औद्योगिक उत्पादन तथा नगदेबालीको उत्पादनमा उल्लेखनीय रूपले वृद्धि भएको छ तर खाद्यान्न बालीतर्फ भने उत्पादन घट्न गएको देखिन्छ । खाद्यान्नमा उत्पादन घट्नाको कारणहरूमध्ये प्रमुख कारण प्रतिकूल मौसम हुनु हो । विगत दुई वर्षदेखि खाद्यान्नको मूल्य लगातार घट्दै गइरहनाले पनि उत्पादनकर्ताहरूलाई केही असर परेको छ । हाम्रा कृषकवर्गहरू पनि बाली लगाउँदा मूल्यको गतिविधिलाई ध्यानमा राख्न लागेका कुराहरू यसबाट स्पष्ट रूपमा देखापरेको छ । यस किसिमको सचेष्टतालाई राम्रो लक्षणको रूपमा लिन सकिन्छ । अब श्री ५ को सरकारले मूल्य नीति निर्धारण गर्दा उपभोक्ताहरूलाई मात्र नहेरी बहुसंख्यक उत्पादनकर्ताहरूलाई ध्यान दिनुपर्ने कुरा स्वतः सिद्ध भएको छ । विगत वर्षको उत्पादनको गतिविधि हेर्दा देशको कृषि उत्पादन घटबढ हुनुमा मुख्यतः मौसमको अनुकूलता वा प्रतिकूलता नै रहेको छ । देशको कुल आबादी जग्गामध्ये अझै केही सीमित क्षेत्रमा मात्र सिंचाइको व्यवस्था हुन

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

सकेको छ र कृषि क्षेत्रको अधिकाँश भागलाई हाम्रो विकासको गतिविधिले अंगाल्न सकेकोछैन । फलस्वरुप विकासको क्रियाकलापले छोएको क्षेत्रमा जतिसुकै उत्पादन वृद्धि भए तापनि अन्य क्षेत्रमा प्रतिकूल मौसमबाट यो वर्ष धानको उत्पादनमा ८.४ प्रतिशत र गहुँमा ६.५ प्रतिशतले उत्पादन ह्रास भएको पाइन्छ। नगदेबालीतर्फ उखुमा २३ प्रतिशतले,जूटमा ७.१ प्रतिशतले, सूर्तीमा ६.२ प्रतिशतले उत्पादन वृद्धि भएको छ। त्यस्तै औद्योगिक उत्पादनतर्फ चियामा १९ प्रतिशतले, चिनीमा ५३ प्रतिशतले र सिमेण्टमा ७० प्रतिशतले वृद्धि भएको छ।

शोधनान्तर स्थिति यस वर्ष पनि अनुकूल रहेको छ र आर्थिक वर्षको अन्तसम्ममा निकै ठूलो मात्रामा शोधनान्तर स्थिति हाम्रो पक्षमा हुने लक्षण छ । यस वर्ष विदेशी मुद्रा आर्जनमा उल्लेखनीय वृद्धि भएको छ । खासगरी पर्यटनको संख्यामा १० प्रतिशत वृद्धि भएको छ र गत वर्षको दाँजोमा यस शीर्षकबाट रू. ९ करोडले आर्जनमा वृद्धि हुने भएको छ । देशको कूल सोधनान्तर स्थिति अनुकूल भए तापनि हाम्रो व्यापारको स्थिति भने प्रतिकूल छ । निर्याततर्फ गत वर्षको दाँजोमा चालू वर्षको ९ महीनाको अवधिमा परिवर्त्य मुद्रामा हुने निर्यातमा ५.७ प्रतिशतले वृद्धि भए तापनि अपरिवर्त्य मुद्रामा हुने व्यापारतर्फ निर्यात ८.५ प्रतिशतले घट्न गएको छ । यस प्रकार कूल निर्यात ५.१ प्रतिशतले घट्न गएको छ । त्यस्तै आयाततर्फ परिवर्त्य मुद्रामा हुने आयातमा २२.१ प्रतिशतले घटे तापनि अपरिवर्त्य मुद्रामा हुने आयातमा ९.७ प्रतिशतले वृद्धि भएकोले कूल आयात १.८ प्रतिशतले घटेको छ । यस प्रकार आयातको ह्रासभन्दा निर्यातको ह्रास तीव्र भएकोले वैदेशिक व्यापारमा गत वर्षको दाँजोमा व्यापार घाटा बढ्न गएको छ। देशको आर्थिक विकासको गति जति तीव्र हुँदै जान्छ आयातको आवश्यकता पनि बढ्दै जान्छ, यसकारण आयातको बढ्दो आवश्यकता पूर्ति गर्न निर्यात वृद्धि गर्नुपर्ने आवश्यकता गहन समस्या हुन आएको छ । व्यापारतर्फ घाटा घटाउँदै लैजान निर्यात प्रवर्द्धन र आयात प्रतिस्थापनतर्फ विशेष कदम चाल्नु पर्नेछ । यसको लागि औद्योगिक उत्पादन बढाउनुको साथै कृषि क्षेत्रमा पनि आयात स्थापन गर्ने ठूलो गुंजायस छ र यी दुवै क्षेत्रतर्फ श्री ५ को सरकारले ध्यान दिनेछ। व्यापारतर्फ यो अवस्थाको वावजूद पनि चालू वर्षको अन्तसम्ममा शोधनान्तर स्थितिमा रू. ३२ करोडभन्दा बढी रकम बचत हुने अनुमान छ । वैदेशिक सम्पत्तिको संचितिमा गत वर्ष पहिलो ९ महीनाको अवधिमा वैदेशिक सम्पत्ति रू. २२ करोड जतिले बढ्न गएकोमा यस वर्ष त्यही अवधिमा रू. २१ करोडभन्दा बढीले वृद्धि भै रू. १७१ करोड ३३ लाख पुग्न गएको छ ।

वैदेशिक सम्पत्तिमा यस प्रकार हुन गएको वृद्धि र बैङ्कको अन्य दायित्वमा हुन गएको वृद्धिको साथ साथै सरकारी क्षेत्रमा भएको घाटाले पनि मुद्रा प्रदायमा वृद्धि गराएको छ । गत वर्षको ९ महीनामा मुद्रा प्रदायमा रू. १४ करोड १० लाखले वृद्धि भएकोमा यो वर्ष रू. ४७ करोड ४ लाख अर्थात् ३२.४ प्रतिशतले वृद्धि हुन आएको छ ।. सरासर हेर्दा यो वृद्धि दर वान्छनीय हदभन्दा माथि देखिन्छ तापनि यसबाट मूल्य वृद्धि वा वैदेशिक सम्पत्तिको संचय दुवैतर्फ प्रतिकूल असर पारेको देखिन्न तर आगामी वर्ष भने यो वृद्धि दरलाई नियन्त्रण गर्नुपर्ने आवश्यकता देखेको छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मूल्यतर्फ गत आर्थिक वर्षमा धेरै सुधार आएको हो र कृषि उपजमा आएको मूल्यको ह्रास चिन्ताको विषय समेत हुन गएको थियो । यस वर्ष हालसम्मको मूल्य स्थिति गत वर्षको दाँजोमा त्यत्ति धेरै वृद्धि भएको छैन तापनि मूल्यमा पुनः दवाव पर्नजाने लक्षणहरू देखापर्न थालेका छन् । चालू आर्थिक वर्षको शुरूदेखि २०३४ साल वैशाखसम्म १० महीनाको अवधिमा काठमाडौंको उपभोक्ता मूल्य सूची ४.८प्रतिशतले बढेको देखिन्छ । मूल्य वृद्धि भएको मुख्य वस्तुहरू- मध्ये खाद्य समूहमा दाल, तेल र घिउ पर्दछन् । यी वस्तुहरूमा भएको अत्यधिक वृद्धि बाहेक अन्य वस्तुहरूको मूल्यमा भने विशेष परिवर्तन आएको पाइंदैन । आर्थिक वर्षभरको मासिक परिवर्तन औशतको हिसाब गर्दा गत वर्ष ३.७ प्रतिशत मूल्य वृद्धि भएकोमा यस वर्ष १ प्रतिशत जतिले मात्र वृद्धि हुने अनुमान छ । हाल देखिएको मूल्य वृद्धिको दरलाई अत्यधिक भन्न सकिन्न तापनि हिजो आज बजारमा देखिन थालेका प्रवृत्तिहरू र हाम्रो छिमेकी बजारमा देखिन थालेका मूल्य वृद्धिको चाप र केही वस्तुहरूको अभावहरू बारे भने श्री ५ को सरकार सचेष्ट रहनु पर्ने भएको छ । आगामी वर्षको वित्तीय मौद्रिक तथा वितरण नीति निर्धारण गर्दा त्यसबाट चाप नबढ्ने गरी तर्जुमा गर्ने प्रयास गरेको छु । अधिकाँश औद्योगिक उपभोग्य वस्तुहरूको लागि आयातमा भरपर्नु पर्ने र देश भित्रको उत्पादन हुने कृषिवस्तु निर्यात हुने हुनाले वाह्य बजारसंग आन्तरिक मूल्यको सम्बन्ध विच्छेद गर्न कठिन छ । केही हदसम्म विभिन्न वित्तीय र मौद्रिक उपायहरूद्वारा आन्तरिक मूल्यको सम्बन्ध वाह्य मूल्यसंग विच्छेद गर्न समर्थनै भएमा पनि उपजको मूल्यको स्तर धेरै तल रहन गयो भने बहुसंख्यक कृषि समुदायलाई प्रतिकूल असर पर्ने र अर्थ व्यवस्थामा संकुचन ल्याउने सम्भावना हुन्छ ।

मौद्रिक क्षेत्रमा यस वर्ष वाणिज्य बैङ्कहरूको साधन सरदर प्रति महीना रू. ५ करोड- भन्दा बढीले वृद्धि भैरहेको थियो र लगानीतर्फ भने निजी क्षेत्रको मागको वृद्धि प्रति महीना रू. २ करोड हुन गएको थियो । सरकारी संस्थानले यस वर्ष कर्जा लिनुभन्दा बढी तिर्न सक्षम भएकोले वाणिज्य बैङ्कहरूको कूल कर्जा लगानी प्रति महीना रू. ५० लाखले मात्र वृद्धि भएको थियो ।

चालू वर्ष देखापरेको आर्थिक गतिविधि हेर्दा गत वर्षदेखि हाम्रो प्रमुख उत्पादन खाद्यान्नको मूल्य घट्दै गएको कारण कृषकवर्गको क्रयशक्ति घट्न गए र देशको आर्थिक कारोवारमा मन्दीको स्थिति देखापर्न थालेको थियो । त्यस्तो स्थिति उत्पन्न हुने वित्तिकै अर्थ व्यवस्थामा स्फूर्ति ल्याउन मौद्रिक, वित्तीय तथा लगानीको क्षेत्रमा सामयिक कदमहरू श्री ५ को सरकारले चाल्यो । बैङ्कको पूंजी सङ्कलन र लगानीका बीच सन्तुलन ल्याउन ब्याज दरमा परिवर्तन गरियो भने वित्तीय क्षेत्रमा विभिन्न स्रोतहरूबाट उठाइने राजस्वको दरमा परिवर्तन गरी हाम्रो बजारलाई बढी प्रतिस्पर्धात्मक बनाउने दृष्टिकोण राखियो । निजी क्षेत्रको आर्थिक कारोवारमा देखापरेका संकुचन हटाउन सरकारी क्षेत्रको कारोवार विस्तार गरेर सन्तुलन ल्याउने दृष्टिकोण अपनाइयो । यी मौद्रिक तथा वित्तीय कदमहरूको फलस्वरूप आजको आर्थिक स्थितिमा सुधार देखिन थालेको छ र निजी क्षेत्रलाई बैङ्कबाट पाने कर्जामा पनि वृद्धि हुँदै गएर आर्थिक कारोवार पुनः बढ्न थालेको छ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

११८

राजस्व सङ्कलन गर्नेतर्फ सङ्कलनको कूल रकम गत वर्षको यथार्थको दाँजोमा १८.६ प्रतिशतले बढेको छ तापनि यो रकम शुरूको अनुमानभन्दा कम हुनाको साथै राजस्वको सङ्कलनको प्रक्रृया अध्ययन गर्दा चालू कर प्रणालीको माध्यमबाट साधन सङ्कलन गर्ने क्षमता एक हदसम्म पुगिसकेको संकेत दिन्छ। राजस्व उठ्तीमा केही ह्रास भए तापनि बजेटले निर्धारित गरेको लगानी-तर्फ श्री ५ को सरकारले लक्ष्य अनुकूल साधन जुटाएको छ।

हाम्रो विकासको गतिविधिमा वैदेशिक सहायताको महत्वपूर्ण पृष्ठभूमि छ। विगत केही वर्षमा हामीले बढ्दो मात्रामा वैदेशिक सहायता प्राप्त गर्न सकेका छौं र परिमाणको वृद्धिको साथ साथै सहायताका स्रोतहरूमा पनि विविधिकरण भएको छ। चालू आर्थिक वर्षमा नेपाल सहायता समूह गठन भएबाट धेरै मित्र राष्ट्र र अन्तर्राष्ट्रिय संस्थाहरूबाट संगठित र सुनियोजित ढङ्गबाट सहायता प्राप्त गर्ने माध्यम खडा भएको छ। यस प्रकार अन्तर्राष्ट्रिय जगतबाट नेपालको विकासमा बढ्दो योगदान हुनु विकास प्रेमी श्री ५ महाराजाधिराज सरकारको नेतृत्व र सफल परराष्ट्र नीतिको द्योतक हो। यस अवसरमा नेपालको विकासमा अभिरूची राखी आर्थिक तथा प्राविधिक सहायता प्रदान गर्ने सबै मित्र राष्ट्रहरू एवं अन्तर्राष्ट्रिय संघ संस्थाप्रति श्री ५ को सरकारको तर्फबाट धन्यबाद ज्ञापन गर्दछु।

यो हो हालको आर्थिक वास्तविकता। यही पृष्ठभूमिमा आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम तर्जुमा गरिएको छ।

मूल्य वृद्धितर्फ आगामी वर्ष श्री ५ को सरकार सचेष्ट रहनुपर्ने कुरा मैले माथि संकेत गरेको छु। आयाततर्फ प्राय धेरैजसो वस्तुहरू पैठारी गर्नु पर्ने हाम्रो अवस्थामा वाह्यबजारको मूल्य बृद्धिको चाप र हालसालै देखा परेको प्रबृत्तिले गर्दा हाम्रो आन्तरिक बजारमा प्रतिकूल असर पार्ने सम्भावना छ। मूल्य वृद्धिलाई वान्छनीय हदभित्र राख्ने दृष्टिकोणले वित्तीय नीतितर्फ घाटा हटाउने, मौद्रिक क्षेत्रमा विदेशी मुद्राको सदुपयोग गरेर यसको संचयबाट मुद्रा प्रदायमा विस्तार हुन दिने नीति अपनाइनेछ। आपूर्ति स्थितिमा सुधार नगरी मूल्य नियन्त्रणको लागि केवल प्रशासकीय कदम चाल्दा बजारको प्राकृतिक स्वभावलाई विचलित पार्न सक्दछ। तसर्थ यथासक्य आवश्यक वस्तुहरूको अभाव हटाउन तथा सुलभ गराउने समुद्रपारको मुलुकहरूबाट समेत आयात गरी आपूर्तिको व्यवस्था मिलाउन उदारवादी आयात नीति अपनाइनेछ। यस बाहेक आन्तरिक मूल्य कृत्रिम तवरले घटबढ नहोस् भन्ने दृष्टिले र सबै जिल्लाहरूमा मालसामान स्वचालित रूपले आवागमन भई आन्तरिक बजार प्रतिस्पर्धात्मक रूपबाट विस्तार गराउने उद्देश्यले अन्तर जिल्लाको आवागमनमा रोक लगाउने व्यवस्था र यी वस्तुहरूमा स्थानीय कर र चन्दा अरू सबै गैह्र रकम हटाउनुको साथै वितरण व्यवस्थामा सुधार गरी मूल्य स्थितिमा यथासक्य अनुकूल प्रभाव पार्ने नीति अपनाइनेछ।

वैदेशिक व्यापारतर्फ हाल निरन्तर भइरहेको घाटालाई समस्याको रूपमा मैले माथि विवेचना गरें। यो तत्कालै सुल्झिने समस्या होइन तापनि हाम्रो प्रयास त्यसतर्फ जानु नितान्त आवश्यक भै सकेको छ। व्यापारतर्फको घाटा घटाउन निर्यातमा प्रोत्साहन गर्नको लागि चालू वर्षमा श्री ५ को सरकारले निर्यात कर लागेका २०० वस्तुहरूमध्ये १७६ वस्तुहरूमा निर्यात महसूल

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

पूर्णरूपले हटाएको उल्लेखनीय कदम छ। त्यस्तै आयात प्रतिस्थापन गर्नको लागि आगामी आर्थिक वर्षमा कपडा, सिमेण्टजस्ता वस्तुहरू देशभित्रै उत्पादन गर्न र यसको लागि आवश्यक कच्चा पदार्थ देशभित्र उपलब्ध गर्ने नीति तथा कार्यक्रम अपनाइएको छ। स–साना घरेलु उद्योगहरूबाट सूती कपडाहरूजस्ता वस्तुहरू बढ्दो उत्पादनबाट आयात प्रतिस्थापन गर्नमा योगदान हुँदैछ। यस्ता उद्योगहरूको समुचित विकासका लागि प्रोत्साहन दिने वित्तीय नीति श्री ५ को सरकारले अपनाउनेछ। यसै सन्दर्भमा वाणिज्य बैङ्कहरूलाई आफ्नो निक्षेपको ७ प्रतिशत अनिवार्य रूपले साना क्षेत्रमा लगानी गर्नुपर्ने अनिवार्यता गरिए पछि यस क्षेत्रमा बैङ्कको लगानी रू. ३ करोड ६४ लाख पुगे छ र यो क्षेत्रमा लगानी बढ्दै जानेछ।

हाम्रो मूलभूत आवश्यकता विकासको गतिलाई तीव्रतर गर्दै लैजानु र त्यस्को प्रतिफल न्यायोचित ढङ्गबाट बहुसंख्यकजनताले पाउन सक्ने वितरण प्रणालीको व्यवस्था गर्नु हो। वास्तवमा हाम्रो आर्थिक समस्या दीर्घकालीन दृष्टिकोणबाट उत्पादन वृद्धि गरेर मात्र निराकरण गर्न सकिन्छ भने विद्यमान साधनको न्यायोचित वितरणप्रणाली तत्कालको लागि अति महत्वपूर्ण छ। आगामी वर्षको आयव्ययको मूलभूत लक्ष्य विकासको क्रमलाई विस्तार गर्दै लैजाने,यस्को परिधीलाई व्यापक गर्ने, बढी साधन परिचालन गर्ने र त्यस्को ढाँचामा क्रमिक परिवर्तन गरेर जन–सहभागिता बढाउने र देशको विकासको गतिविधिलाई अगाडि बढाउने हुनेछ।

विगत वर्षहरूमा बजेटमा लगानीको परिमाणलाई जुन गतिले बढाउँदै लगेका थियौं आगामी वर्षमा त्यो वृद्धि दरलाई केही नियन्त्रित गरी प्रशासकीय यन्त्रको क्षमता र योजनाको आवश्यकता दुवैको बीच सन्तुलन कायम गरेर लगानीको रकमलाई बढी वास्तविक बनाउने प्रयास गरिएको छ। आगामी आर्थिक वर्षमा लगानीको स्तर निर्धारण गर्दा पंञ्च वर्षीय योजनाको लक्ष अनुकूल र परिस्थितिवश श्री ५ को सरकारले शुरू गरेका थप विशेष कार्यक्रमहरूलाई समेत पुग्ने गरी खर्च छुट्याइएको छ। साधारणतर्फको खर्चको वृद्धिलाई न्यूनतम तहमा राख्ने, विकासतर्फ आवश्यक अनुसार खर्च छुट्याएर खर्चको परिमाण बढाउनुभन्दा त्यसको उपयोगलाई बढी प्रभावकारी बनाउन तर्फ ध्यान दिइएको छ। यस प्रकार श्री ५ को सरकारको लगानी नीतिमा वास्तविकता र व्यावहारिकता अपनाइएको छ।

श्री ५ को सरकारको लगानीमा वृद्धि गरिनाको साथै स्थानीय तहमा हुने विकास कार्यहरूमा जन-सहभागिता बढाएर विकासको प्रतिफल बढी प्रभावकारी गराउने उद्देश्यलाई आगामी वर्ष ठोसरूपमा अगाडि बढाइनेछ। श्री ५ को सरकारको प्रयास देशको विकासको सम्पूर्ण भागको एकांश मात्र हो। कतिपय स-साना नहर कुलो निर्माण गर्ने काम, साना-तिना सडकहरूको निर्माण खाने पानीको व्यवस्था, भूक्षय रोक्ने प्रयास, वृक्षारोपण र सामुदायिक वन विकास गर्ने कार्यजस्ता कुराहरू स्थानीय स्तरमा हाम्रै परम्परागत प्रविधिमा केही सुधार के गरी सञ्चालन गर्न सकिन्छ। यस्ता कार्यक्रमहरूमा केन्द्रीय स्तरबाट सञ्चालन गर्नुभन्दा स्थानीय स्तरमा उठाइएमा कम खर्चिलो हुनाको साथै बढी प्रभावकारी र सम्भारको लागि समेत उचित व्यवस्था हुन्छ भन्ने कुरा निश्चितछ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

यस्ता आयोजनाहरूबाट सम्पूर्ण जनता विकासको प्रक्रियामा आवद्ध हुनेछन् । तसर्थ आगामी वर्षको लगानीको बाँडफाँड गर्दा स्थानीय विकासको लागि बढी साधन जुटाइएको छ र स्थानीय सडक, ग्रामीण कुलोजस्ता नयाँ शीर्षकहरू पनि बजेटमा समावेश गरिएका छन् ।

साधारण खर्च तथा विकासको लगानी जति वास्तविक तहमा ल्याइए तापनि पञ्च वर्षीय योजनाको न्यूनतम कार्यक्रम सञ्चालन गर्न पनि प्रत्येक वर्ष बढी साधन परिचालन गर्नुपर्ने अनिवार्यता आज हाम्रो अगाडि कठिन समस्याको रूपमा देखा परेको छ । मैले माथि संकेत गरे झैं अझै पनि आर्थिक कारोवारमा देखिएका संकुचनको सन्दर्भमा राजस्वको क्षेत्रलाई विस्तार गर्ने सम्भावना सीमित देखिन्छ । यसको साथै विकासको लहर देशव्यापी रूपमा विस्तार गर्न स्थानीय पञ्चायतहरूलाई पनि बढ्दो साधनको आवश्यकता छ । हाम्रो अर्थ व्यवस्थाका सीमित घेराभित्र रहेर एकातिर स्थानीय पञ्चायतहरूलाई साधन जुटाउन र अर्कोतर्फ श्री५ को सरकारको लगानी बढाउँदै लैजाने दुवै आवश्यकता पूर्ति गर्ने समस्या कठिन पनि छ । कर नीति एकातिर साधन परि-चालन गर्ने माध्यम हो भने अर्कोतर्फ यो लगानीलाई लक्षित दिशातर्फ मोड्ने आधार पनि हो र यसको साथै वितरण प्रणालीलाई बढी न्यायोचित गर्ने अस्त्र पनि हो । यही विचारधाराको सन्दर्भमा आगामी वर्षको राजस्व नीति निम्नबमोजिम अपनाइएको छ:

१. देशको प्रमुख उत्पादन क्षेत्र कृषि भएकोले यस क्षेत्रबाट स्थानीय तथा केन्द्रीय स्तर दुवैको लागि साधन परिचालन गर्ने व्यवस्थाको शुरूआत गरिने ।
२. न्यूनतम आय भएका कृषकहरूलाई केही सहुलियत प्रदान गर्ने ।
३. निजी उद्यम खास गरेर साना-तिना घरेलु तथा ग्रामीण उद्योगहरूलाई प्रोत्साहन दिने ।
४. निजी क्षेत्रमा बचत गर्न प्रोत्साहन दिई वित्तीय संस्थाहरूबाट साधनको बढी परि-चालन गर्ने ।
५. संचित विदेशी मुद्राको बढी सदुपयोग गर्ने ।
६. स्थानीय पञ्चायतहरूलाई राजस्व सङ्कलनको प्रक्रयामा क्रमशः सरीक गराउँदै लगी बढी सक्रय र आत्मनिर्भर बनाउने ।
७. कर प्रशासनलाई प्रभावकारी बनाएर बढी राजस्व सङ्कलन गर्ने ।
८. श्री ५ को सरकारले आजसम्म गरेको लगानीबाट बढी आम्दानी गरेर सरकारी स्वामित्व भएका संस्थान तथा निकायहरूबाट बढी लाभाँश लिने ।

देशको वर्तमान आर्थिक स्थितिको पृष्ठभूमि र माथि प्रतिपादित नीतिहरूको आधारमा आगामी वर्षको खर्चको व्यवस्था तथा कार्यक्रम तर्जुमा गरिएको छ । अब म यसबारे छोटकरीमा विवरण प्रस्तुत गर्दछु ।

देशको अर्थ व्यवस्थामा कृषिको महत्वपूर्ण स्थान छ र कृषिको विकासबाट मात्र देशको आर्थिक विकास सम्भव हुन्छ । विगत केही वर्षदेखि कृषिमा श्री ५ को सरकारले गरिरहेको

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

लगानीको वावजूद अझै हाम्रो कृषि मौसममा नै निर्भर छ। कृषि प्रसार, कृषि अनुसन्धान तथा कृषि सामग्रीहरूको वितरणभन्दा बढी महत्वपूर्ण कृषि उपकरण (Inputs) पानी नै हो भन्ने सिद्ध भएको छ। यसकारण सिंचाई विकासमा गत वर्षको तुलनामा ५६प्रतिशतभन्दा बढी रकमको व्यवस्था गरिएको छ। यस बाहेक स्थानीय स्तरमा पनि स-साना बाँध, कुलो, कुलेशाहरूको निर्माण कार्यमा सघाउ पुऱ्याउने दृष्टिकोणले रू. ५० लाखको छुट्टै व्यवस्था गर्नुका साथै नहरबाट उपलब्ध पानीको समुचित एवं सुनियोजित ढङ्गले उपयोग गर्ने उद्देश्यले फार्म सिंचाई कार्यक्रमको लागि रू. १ करोड २० लाखको पनि व्यवस्था गरिएको छ। कृषिसम्बन्धी अन्य कार्यक्रमहरूको सम्बन्धमा निर्यात वा आयात प्रतिस्थापनको उद्देश्य अनुरूप बाली विविधिकरण गर्ने कार्यक्रम बाहेक अरूमा विशेष वृद्धि गरिएको छैन। कृषि प्रसार प्रणालीको उपादेयता बारे विस्तृत अध्ययन तथा मूल्याङ्कन गरी बढी प्रभावकारी रूपमा प्रसार कार्य सञ्चालन गर्न यससम्बन्धी अध्ययन आगामी वर्ष गर्ने व्यवस्था गरिएको छ। हाललाई यस्ता कार्यक्रमहरू वर्तमान स्तरमा सञ्चालन गरिनेछ। सिंचाई व्यवस्था भएका क्षेत्रहरूमा भने सबै प्रकारका कृषि उपकरणहरू पर्याप्त मात्रामा पुऱ्याउने व्यवस्था गरिएको छ।

स्थानीय तहमा गाउँ तथा नगर पञ्चायतका साथै जिल्ला पञ्चायतहरूलाई बढी साधनयुक्त बनाउन स्थानीय स्तरमा सञ्चालन हुने विभिन्न कार्यक्रमहरूको लागि रकममा उल्लेखनीय रूपले वृद्धि गरिएको छ। पञ्चायतहरूलाई जाने विकास अनुदानको अतिरिक्त स्थानीय स्तरमा सञ्चालन हुने ग्रामीण बाटोघाटो, नहर, खानेपानी, विद्यालय लगायत एकीकृत ग्रामीण विकास जस्ता कार्यक्रमहरूको लागि चालू वर्षको अनुमानभन्दा ७५ प्रतिशत बढी रकम छुट्याइएको छ। विकास कार्यमा जन-सहभागिता र जन-सहयोग अभिवृद्धि गर्ने दृष्टिकोण राखी पञ्चायतको माध्यमबाट स्थानीय स्तरमा बृहत् रूपले साधन र श्रम परिचालन गरी ग्रामीण नहर, विशेष कार्यक्रम र दुर्गम विकासजस्ता थप कार्य क्रमहरू सञ्चालन गरिनेछ। साथै ग्रामीण खानेपानी र एकीकृत ग्रामीण विकासजस्ता कार्यक्रमहरूलाई पनि विस्तार गरिएको छ।

यातायाततर्फ पूर्व–पश्चिम जोड्ने महेन्द्र राजमार्ग पूरा गर्ने निर्माण कार्यमा सक्रियता ल्याउनुको साथै दक्षिण-उत्तर जोड्ने राजमार्गहरूको निर्माणतर्फ पनि समुचित व्यवस्था गरिएकोछ। हाम्रो देशको भौगोलिक स्थितिलाई दृष्टिगत गरी विगत चार योजनाहरूमा यातायात विकासलाई महत्व दिंदै आएका छौं। अझै पनि यातायात विकासको खाँचो छँदैछ तर बाटो मात्र निर्माण गरेर पुग्ने होइन। नयाँ बाटोघाटोको अधिकतम लाभ उठाई ग्रामीण अर्थ व्यवस्थामा अनुकूल परिवर्तन ल्याउन अन्य विकास कार्यहरू पनि साथसाथै सञ्चालन गरेर मात्र लगानीको उचित प्रतिफल लिन सकिन्छ। तसर्थ बन्दीपुर-डुम्रे-बेसी शहर, तुल्सीपुर-सल्यान, फिदिम-ताप्लेजुङ्ग, बैतडी-दार्चुला, जस्ता सडकहरूको निर्माण जनशक्तिको अधिकतम परिचालन गरी सञ्चालन गर्ने कार्यक्रम छ। अब भविष्यमा बनाइने अन्य सडकहरू यसै आधारमा निर्माण गरिंदै जाने नीति अपनाइएको छ।

हाम्रो देशमा भू–क्षय बडो गम्भीर समस्याको रूपमा देखिन थालेको छ। यस समस्यालाई हामीले समयमै समाधान गर्न नसकेमा पछि ठूलो कठिनाई भोग्नु पर्ने हुन्छ। यसकारण भू-क्षय

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

नियन्त्रणको लागि आगामी वर्ष ध्यान दिइएको छ तर भू-क्षय नियन्त्रणजस्तो काम देशव्यापी रूपमा सञ्चालन गर्नुपर्ने भएकोले श्री ५ को सरकारले मात्र गर्न संभव हुँदैन । यो कार्यक्रम व्यापक रूपमा सञ्चालन गर्न गाउँ गाउँमा हर व्यक्तिको सहयोग प्राप्त गरेर मात्र यो समस्याको समाधान गर्न संभव छ । भू-क्षय नियन्त्रणको कामलाई ग्रामीण विकासको अभिन्न अङ्गको रूपमा लिई नियन्त्रणको साथै सम्बन्धित क्षेत्रमा बसोबास गर्ने ग्रामीण जनताको न्यूनतम आवश्यकता पनि पूर्ति गर्नुपर्ने वाध्यतालाई दृष्टिगत गरी तिनाउ खोला क्षेत्रमा एक सुनियोजित कार्यक्रम परीक्षणको रूपमा सञ्चालन हुने भएको छ । यस बाहेक वाग्मती, फेवाताल, लोथर, वेरिङ्ग, खोक्रे तथा इक्रम जलाधारमा भू तथा जल संरक्षण आयोजनाहरू सञ्चालन गर्ने कार्यक्रम छ ।

विकासको प्रक्रियामा प्रादेशिक सन्तुलन गर्ने हाम्रो उद्देश्य अनुरूप बजेट तथा कार्यक्रम तर्जुमा गर्दा यथासंभव सन्तुलित विकासको आधार अनुसरण गर्ने प्रयास गरिएको छ । सरकारी लगानीको बाँडफाँडमा सामान्यत: प्रादेशिक सन्तुलनमा धेरै सुधार गरिएको छ । आगामी वर्षको कूल विकास खर्चमध्ये १३.७८ प्रतिशत राष्ट्रिय स्तरका आयोजनाहरू, ११.४५ प्रतिशत पूर्वाञ्चल विकास क्षेत्रमा, ४२.१८ प्रतिशत मध्यमाञ्चल विकास क्षेत्रमा, १४.६० प्रतिशत पश्चिमाञ्चल विकास क्षेत्रमा र १७.९२ प्रतिशत सुदूर पश्चिमाञ्चल विकास क्षेत्रमा खर्च हुने अनुमान छ । मध्यमाञ्चल विकास क्षेत्रमा आगामी वर्ष बढी लगानी देखिनुमा कुलेखानी विद्युत् आयोजना, हेटौंडा सिमेण्ट कारखानाजस्ता ठूला आयोजनाहरू सञ्चालन हुने हुनाले हो जसको फाइदा अरू क्षेत्रमा पनि पुग्दछ ।

मुद्रण विभाग

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अब म आर्थिक वर्ष २०३२।३३ को यथार्थ र चालू वर्षको संशोधित अनुमान पेश गर्दछु। आर्थिक वर्ष २०३२।३३ मा विकास र साधारण गरी जम्मा रू. १ अरब ६८ करोड १४ लाख ३६ हजार खर्च हुने संशोधित अनुमान भएकोमा यथार्थमा रू. १ अरब ६१ करोड ३३ लाख ६० हजार खर्च भएको छ। राजस्वतर्फ रू. १ अरब १८ करोड २६ लाख ३० हजार सङ्कलन हुने संशोधित अनुमान भएकोमा रू. १ अरब ११ करोड ५६ लाख २४ हजार सङ्कलन भएको छ। विदेशी सहायतातर्फ अनुदान र ऋण गर्दा रू. ५२ करोड १ लाख ६४ हजार प्राप्त हुने संशोधित अनुमान भएकोमा रू. ५० करोड ५६ लाख ५४ हजार प्राप्त भएको छ। यसरी आर्थिक वर्ष २०३२।३३ मा जम्मा रू.२६ करोड २० लाख ८२ हजार न्यून भएको छ र उक्त रू. २० करोड आन्तरिक ऋण उठाई र बाँकी रू. ६ करोड २० लाख ८२ हजार नगद मौज्दात खर्च गरी व्यहोरिएको छ।

चालू वर्षको बजेट पेश गर्दा मैले मुख्य तीन कुरा ध्यानमा राखी विकास लगानीको बाँडफाँड भएको छ भनी यस सदनलाई जानकारी गराएको थिएँ। ती हुन् (१) स्थानीय तथा ग्रामीण क्षेत्रको विकासमा जोड दिने (२) बढी से बढी उत्पादनशील क्षेत्रमा लगानी गर्ने (३) जलस्रोत विकासमा जोड दिने–यी कुराहरूमा चालू वर्षको बजेट कार्यान्वियन के कस्तो भयो भन्ने बारे माननीय सदस्यहरूलाई जानकारी गराउनु उपयुक्त देख्दछु। स्थानीय तथा ग्रामीण क्षेत्रको विकासको कार्यक्रमहरू योजना मुताविक नै सञ्चालन भैरहेको छ र यस कार्यक्रमको लागि छुट्या-इएको रकमको करीब ८५ प्रतिशत खर्च हुने अनुमान छ। उत्पादनशील क्षेत्रमा बढी लगानी गर्ने सम्बन्धमा विकास बजेटको ३५.६ प्रतिशत उत्पादन क्षेत्रमा खर्च गर्नुको साथै गत वर्ष ७,२७७ हेक्टर जमीनमा थप सिंचाई सुविधा उपलब्ध भएकोमा चालू वर्ष २६,००० हेक्टर थप जमीनमा सिंचाई सुविधा उपलब्ध गराउने लक्ष्य थियो। यस वर्ष विकासतर्फ हुने कूल खर्चमध्ये उत्पादनशील क्षेत्रमा ३५.८ प्रतिशत खर्च भएको संशोधित अनुमान छ र २१,५६७ हेक्टर जमीनमा थप सिंचाई सुविधा उपलब्ध हुने भएको छ। त्यस्तै जल स्रोतको विकासतर्फ यो हाम्रो एक प्रमुख प्राकृ-तिक साधन भएकोले त्यसको विकासको लागि कूल विकास बजेटको १७.६३ प्रतिशत रकम छुट्याइएकोमा चालू वर्ष यस क्षेत्रमा कूल विकास खर्चको १५.३ प्रतिशत खर्च भएको संशोधित अनु-मान छ। यस वर्ष कुलेखानी आयोजनाको कार्यान्वियन प्रगति आशा गरेबमोजिम हुन नसकेकोले यस क्षेत्रमा केही कम प्रगति भएको हो। यस प्रकार चालू वर्षको बजेट पेश गर्दा अपनाइएको लगानी नीति अनुसार चालू वर्षको बजेट कार्यान्वियन गर्नमा राम्रो प्रगति भएको छ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

चालू वर्षको खर्चको सम्बन्धमा पूरक बजेट समेत गरी साधारण र विकास गरी जम्मा रू. २ अरव ७१ करोड ८७ लाख १९ हजार खर्च हुने बजेट अनुमान भएकोमा हालसम्म भएको खर्च हेर्दा जम्मा रू. २ अरव ३७ करोड १६ लाख ३० हजार अर्थात् कूल बजेटको ८७.२३ प्रतिशत खर्च हुने संशोधित अनुमान छ । विकास खर्चतर्फ मात्र यस वर्ष ८२.४ प्रतिशत खर्च हुने अनुमान छ ।

राजस्वतर्फ चालू वर्ष कूल आय रू. १ अरव ५४ करोड ५८ लाख सङ्कलन हुने अनुमान कोमा रू. १ अरव ३२ करोड १२ लाख ४६ हजार प्राप्त हुने संशोधित अनुमान छ। यस प्रकार शुरूको अनुमानभन्दा १४.५ प्रतिशतले कम राजस्व सङ्कलन हुने देखिएको छ। मुख्यत: वन, साँवा व्याज लाभाँश, भन्सार, अन्त:शुल्क र विक्री कर शीर्षकहरूबाट कम राजस्व प्राप्त हुने अनुमान छ। चालू वर्ष वन पैदावारको विक्री वितरण गर्ने व्यवस्थामा परिवर्तन गरिएको र नयाँ व्यवस्था अनुसार कार्य सञ्चालन गर्न समय लागेकोले वनबाट अनुमान गरिएभन्दा ५२ प्रतिशतले रकम घट्ने देखिएको छ। त्यस्तै साँवा व्याज र लाभाँशतर्फ पनि केही संस्थाहरूले भुक्तानी गर्नुपर्ने साँवा व्याज समयमा बुझाउन नसकेको र केही संस्थाबाट आशा गरेबमोजिम लाभाँश प्राप्त नभएकोले यस शीर्षकबाट हुने आयमा पनि शुरूको अनुमानभन्दा २६ प्रतिशतले कम रकम प्राप्त हुने देखिन्छ। यी दुई मुख्य शीर्षकहरूबाहेक भन्सारमा १४.५ प्रतिशतले अन्त:शुल्कमा १३.६ प्रतिशतले र विक्री करमा ९ प्रतिशतले शुरूको अनुमानभन्दा कम राजस्व प्राप्त हुने संशोधित अनुमान छ। भन्सार, अन्त:शुल्क र विक्रीकरबाट हुने राजस्वमा केही घट्नुको कारणहरूमा चालू वर्षको पूर्वार्द्धमा आर्थिक कारोबारमा केही मन्दी हुनु र आर्थिक वर्षको बीचमा भन्सार र अन्त:शुल्कको दरमा केही परिवर्तन गर्नाले हो।

विदेशी सहायतातर्फ यस वर्ष अनुदान र ऋण गरी जम्मा रू. ५९ करोड २३ लाख ३५ हजार प्राप्त हुने संशोधित अनुमान छ।

यस प्रकार चालू वर्षको कूल खर्चमा राजस्व र विदेशी सहायताबाट व्यहोरी बाँकी हुन आएको न्यून रू. ४५ करोड ८० लाख ४६ हजारमध्ये रू. ३० करोडको आन्तरिक ऋण उठाई र बाँकी रू. १५ करोड ८० लाख ४६ हजार नगद मौज्दात खर्च गरी व्यहोरिने संशोधित अनुमान छ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# ३

आगामी वर्षको लगानी नीति तथा राजस्व नीति मैले माथि उल्लेख गरी सकें । अब म आगामी आर्थिक वर्षको आयव्ययको विवरण पेश गर्दछु । आगामी वर्षको लागि विकास बजेटको रू. २ अरब १४ करोड ८८ लाख ९८ हजार र साधारण बजेटको रू. ९३ करोड ८५ लाख २६ हजार गरी जम्मा रू. ३ अरब ८ करोड ७४ लाख २४ हजारको अनुमान पेश गरेको छु । यो रकम चालू वर्षको संशोधित अनुमानको तुलनामा खर्चमा ३०.१८ प्रतिशतले बढी छ । साधारणतर्फको बजेटमा कूल खर्चमध्ये संवैधानिक अङ्गको लागि रू. ३ करोड १ लाख ९६ हजार, साधारण प्रशासनको लागि रू. १४ करोड ५५ लाख ११ हजार, राजस्व प्रशासनको लागि रू. २ करोड ७९ लाख ९५ हजार, आर्थिक प्रशासन र योजनाको लागि रू. २ करोड २० लाख ८२ हजार, न्याय प्रशासनको लागि रू. १ करोड ४२ लाख १६ हजार, वैदेशिक सेवाको लागि रू. २ करोड ८८ लाख ४० हजार, रक्षाको लागि रू. १७ करोड ३४ लाख ५८ हजार, सामाजिक सेवाको लागि रू. १६ करोड ६ लाख २१ हजार, आर्थिक सेवाको लागि रू. १० करोड ४७ लाख ९९ हजार, ऋण तथा लगानीको लागि रू. ९५ लाख, साँवा र व्याज भुक्तानीको लागि रू. १३ करोड ६६ लाख ३० हजार र विविधमा रू. ८ करोड ४३ लाख ७८ हजार रकम छुट्याइएको छ ।

यसै गरी विकासतर्फको कूल बजेटमध्ये आर्थिक सेवातर्फ रू. १ अरब ५७ करोड [illegible] लाख ४५ हजार, सामाजिक सेवातर्फ रू. ५३ करोड ८३ लाख ३९ हजार र आर्थिक प्रशा... योजना तथा विविध शीर्षकमा रू. ३ करोड ७८ लाख १४ हजार छुट्याइएको छ ।

आर्थिक सेवातर्फ छुट्याइएको कूल रकममध्ये कृषि, सिंचाई र भूमिसुधारमा रू. ४९ करोड ४३ लाख ८५ हजार, वनमा रू. ९ करोड १६ लाख १४ हजार, उद्योग तथा खानीमा रू. १५ करोड २७ लाख २४ हजार, विद्युत्मा रू. २७ करोड ९६ लाख ३३ हजार, यातायात र सञ्चारमा रू. ५० करोड १८ लाख ३ हजार, नापी तथा अन्य आर्थिक सेवामा रू. ५ करोड २५ लाख ८६ हजार छुट्याइएको छ ।

सामाजिक सेवातर्फ शिक्षामा रू. २० करोड ४० लाख ९७ हजार, स्वास्थ्यमा रू. ११ करोड ९८ लाख ३ हजार, पिउने पानीमा रू. ८ करोड ८५ लाख ५६ हजार, पञ्चायतमा रू. ९ करोड ९४ लाख ९७ हजार र अन्य सामाजिक सेवामा रू. ३ करोड २३ लाख ८६ हजार रकम छुट्याइएको छ ।

-आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अब म वर्तमान स्रोतबाट प्राप्त हुने राजस्वको विवरण प्रस्तुत गर्दछु । आगामी वर्ष राजस्वतर्फ विभिन्न स्रोतहरूबाट जम्मा रू. १ अरब ५७ करोड २२ लाख ६५ हजार प्राप्त हुने अनुमान छ । यो रकम चालू वर्षको संशोधित अनुमानको तुलनामा १६ प्रतिशतले वृद्धि हुनेछ । कूल राजस्वमा कर राजस्वबाट रू. १ अरब २३ करोड ६२ लाख ७० हजार र गैर कर राजस्वमा ३३ करोड ६० लाख २५ हजार प्राप्त हुने भई कर राजस्वबाट कूल राजस्वको ७८.६३ प्रतिशत र गैर कर राजस्वबाट २१.३७ प्रतिशत प्राप्त हुनेछ ।

कर राजस्वतर्फ अन्तर्राष्ट्रिय व्यापारमा लाग्ने कर भन्सारबाट रू. ४४ करोड १० लाख ७० हजार प्राप्त हुने अनुमान छ । यो रकम कूल राजस्वको २८.०५ प्रतिशत हुनेछ । वस्तु तथा सेवाको उपयोगमा लाग्ने अन्त:शुल्क र करबाट रू. ४८ करोड ७२ लाख राजस्व प्राप्त भई कूल राजस्वको ३०.९९ प्रतिशत प्राप्त हुनेछ । मालपोत तथा रजिष्ट्रेशनबाट रू. १५ करोड ६२ लाख प्राप्त भई कूल राजस्वको ९.९३ प्रतिशत हुने अनुमान छ । आय, नाफा तथा सम्पत्ति करबाट रू. १५ करोड १८ लाख प्राप्त हुने अनुमान छ र यो रकम कूल राजस्वको ९.६५ प्रतिशत हुनेछ ।

गैर कर राजस्वतर्फ रू. ३३ करोड ६० लाख २५ हजार प्राप्त हुने अनुमान गरिएकोमा सरकारी सेवा तथा वस्तुहरूको विक्रीबाट ६.८४ प्रतिशत भई जम्मा रकम रू. १० करोड ७६ लाख १० हजार प्राप्त हुने अनुमान गरिएको छ । सरकारी पूर्ण तथा अर्ध स्वामित्व संस्थानहरूबाट रू. ७ करोड ७३ लाख लाभांश प्राप्त हुनेछ र यो रकम कूल राजस्वको ४.९२ प्रतिशत हुनेछ । रोयल्टी तथा सरकारी सम्पत्ति बिक्रीबाट रू. २ करोड ६ लाख प्राप्त भई कूल राजस्वको १.३१ प्रतिशत हुने अनुमान गरिएको छ । साँवा र व्याजबाट रु. ७ करोड २ लाख ४० हजार प्राप्त भई कूल राजस्वको ४.४७ प्रतिशत हुने अनुमान छ । टकमरी र टकमरीको अन्य आयबाट रू. ३ करोड ४० लाख ५० हजार प्राप्त भई कूल राजस्वको २.१७ प्रतिशत हुने अनुमान छ । दस्तूर, दण्ड जरी-वाना र जफतबाट रू. १ करोड ४७ लाख २५ हजार प्राप्त भई कूल राजस्वको ०.९४ प्रतिशत हुने अनुमान छ । दातव्य तथा उपहार र विविध आयबाट रू. १ करोड १५ लाख प्राप्त भई कूल राजस्वको ०.७३ प्रतिशत हुने अनुमान छ ।

वैदेशिक सहायतातर्फ अनुदान स्वरूप रू. ५० करोड ५८ लाख ८५ हजार र सहुलियतपूर्ण ऋणको रूपमा रू. ६१ करोड ४६ लाख ८९ हजार गरी जम्मा रू. १ अरब १२ करोड ५ लाख ७४ हजार प्राप्त हुने अनुमान छ ।

यसरी विकास र साधारण गरी जम्मा रू. ३ अरब ८ करोड ७४ लाख २४ हजार खर्च हुने अनुमान भएकोमध्ये राजस्वको वर्तमान स्रोतहरूबाट प्राप्त रू. १ अरब ५७ करोड २२ लाख ६५ हजार र विदेशी सहायतावाट प्राप्त हुने रू. १ अरब १२ करोड ५ लाख ७४ हजार गरी जम्मा रू. २ अरब ६९ करोड २८ लाख ६९ हजारबाट खर्च व्यहोरिने भएकोले जम्मा रू. ३९ करोड ४५ लाख ५५ हजार न्यून हुने देखिएको छ । यो न्यून कसरी पूर्ति गर्न लागेको छु भन्नु अगाडि परिवर्त्य मुद्राको आयव्यय विवरण प्रस्तुत गर्नु उपयुक्त देख्दछु ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

926

४

देशको शोधनान्तर स्थिति, वैदेशिक व्यापारको स्थिति तथा वैदेशिक सम्पत्तिमा भएको परिवर्तन बारे मैले माथि सविस्तार उल्लेख गरिसकेको छु। तसर्थ अब म परिवर्त्य मुद्राको आय-व्ययको छोटकरी विवरण प्रस्तुत गर्दछु ।

आर्थिक वर्ष २०३२।३३ मा परिवर्त्य मुद्राको कूल आय रू. ८३ करोड ४ लाख ५ हजार भएकोमा चालू वर्ष रू. ६४ करोड आम्दानी हुने संशोधित अनुमान छ। त्यस्तै खर्चतर्फ गत वर्ष रू. ६० करोड ८२ लाख २ हजार व्यय भएकोमा चालू वर्ष रु. ६० करोड ५० लाख खर्च हुने संशोधित अनुमान छ। गत वर्षको दाँजोमा चालू वर्षमा अदृश्य निर्यातबाट रू. ६ करोड ११ लाख २६ हजारले आम्दानी बढ्ने संशोधित अनुमान छ। मालसामानको निर्याततर्फ पनि गत वर्षको दाँजोमा रू. ३ करोड ९७ लाख २४ हजारले वृद्धि हुने संशोधित अनुमान छ। आयको अन्य शीर्षक-हरूमध्ये कूटनैतिक नियोगहरूबाट हुने परिवर्त्य मुद्राको आम्दानीमा गत वर्षको दाँजोमा रू. २ करोड ८ हजारले वृद्धि हुने देखिएको छ र अरू शीर्षकहरूमा केही घट्ने लक्षण छ।

व्ययतर्फ गत वर्षको दाँजोमा चालू वर्ष अदृश्य आयातमा रू. २ करोड ५३ लाख ३० हजारले घट्ने देखिएको छ तर अन्य शीर्षकहरूमा भने केही बढ्ने संशोधित अनुमान छ। यस प्रकार गत वर्ष रू. २२ करोड २२ लाख ३ हजार बचत भएकोमा यस वर्ष पनि रू. ३३ करोड ५० लाख बचत हुने देखिन्छ।

आगामी वर्ष कूल परिवर्त्यमुद्राको आम्दानी रू. १ अरब हुने र व्यय रू. १ अरब ६ करोड ३६ लाख ८९ हजार हुने भई जम्मा रू. ६ करोड ३६ लाख ८९ हजार घाटा हुने अनुमान छ। आम्दानीतर्फ सबैजसो शीर्षकहरूमा केही बढ्ने अनुमान गरिएको छ। कूल खर्च रू. १ अरब ६ करोड ३६ लाख ८९ हजारमध्ये अदृश्य आयातमा रू. ७ करोड र मालसामानको आयातमा रू. ९० करोड खर्च हुने अनुमान छ। बाँकी रकम कूटनैतिक नियोगहरू, ऋण मोचन र विविधमा खर्च हुने अनुमान छ। चालू वर्षको दाँजोमा आगामी वर्ष बढी परिवर्त्य मुद्रा खर्च हुने अनुमान हुनुमा चालू वर्ष देशमा संचित रहेको विकास सामग्रीको उपयोग भई थप आयातको स्तर न्यूनतम हुन गएकोमा आगामी वर्ष यस्तो आयातमा उल्लेखनीय वृद्धि गर्नुपर्ने भएकोले हो।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

५

कर नीति राजस्व सङ्कलन गर्ने उद्देश्यले मात्र प्रेरित नभई, देशमा उपलब्ध साधन र लगानीको बाँडफाँट गर्ने माध्यम हुनाको साथै उत्पादनको वितरण व्यवस्थामा सुधार ल्याउने यन्त्र पनि हो भन्ने कुरा मैले माथि उल्लेख गरिसकेको छु। यसकारण मैले यहाँ प्रस्तुत गर्न लागेको कर प्रस्तावहरू बढी राजस्व सङ्कलन गर्ने वा बजेटको घाटा पूर्ति गर्ने उद्देश्यले मात्र नराखी वर्तमान, मूल्य मौद्रिक, वैदेशिक व्यापार तथा उत्पादन क्षेत्रहरूमा देखिएका समस्याहरूलाई सुल्झाउने उद्देश्यबाट पनि निर्देशित छन्।

देशको कर व्यवस्थालाई बढी न्यायोचित गर्नु पर्दछ र हाम्रो कर सङ्कलन प्रणालीमा पनि धेरै सुधार गर्ने ठाउँ छ भनी मैले यस सदनमा विगत वर्षहरूको आय-व्यय प्रस्तुत गर्दा पनि भनेको थिएँ। तदनुसार यस दिशातर्फ पनि कदमहरू चाल्दै आएको थिएँ। यो वर्ष श्री ५ महाराजाधिराज सरकारबाट यस सदनलाई बक्सेको सम्बोधनमा पनि करको ढाँचामा परिवर्तन गर्नुको साथै सामाजिक न्याय बढाउने दृष्टि समेत राख्न निर्देशन बक्सेको थियो।

यिनै मूलभूत सिद्धान्तको आधार र मैले माथि व्यक्त गरेको राजस्व नीति अनुसार अब म प्रत्यक्ष कर तर्फको परिवर्तन पेश गर्दछु।

जग्गाको आयबाट आफ्नो जीवन यापन गर्न कठिन भैरहेको अधिकांश साना किसानहरूलाई करको भार केही हलका होस् भन्ने उद्देश्यले शहरी क्षेत्र बाहेक अरू ठाउँमा एक विगहा र सोभन्दा घटी जग्गा हुनेहरूलाई मात्र हाल लागी आएको मालपोतमा ५० प्रतिशत छूट दिने गरी व्यवस्था गरेको छु। यस व्यवस्था गरेबाट श्री ५ को सरकारलाई मालपोतबाट सङ्कलन हुने रकममा करीब १ करोड जतिले घट्न जानेछ। तर यसलाई पुनर्वास योजना अन्तर्गत वितरण भएका तथा अरू हाल आवादी जग्गा दर्ता गर्ने काम सक्रियतापूर्वक कार्यान्वयन गर्न लगाई पूर्ति गर्ने व्यवस्था गर्नेछु।

मालपोत समयमै असूली गर्न र बक्यौता नरहोस् भन्ने हिसावले मालपोत माघ मसान्त सम्ममा तिर्नेहरूलाई तिर्नु पर्ने रकमको ५ प्रतिशत मिनाहा दिने व्यवस्था गरेको छु। मालपोत प्रशासनलाई समयोचित सुधार गर्ने हेतुले तर्जुमा गरिएको विधेयक चाँडै यस सदनमा पेश गरिने कुरा पनि अवगत गराउँदछु।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

आगामी आर्थिक वर्षदेखि शहरी क्षेत्र भनी घोषित गरिएको क्षेत्रको घरजग्गाको रजिष्ट्रेशन दस्तूरमा रू. १ लाखसम्मको राजीनामामा साविकबमोजिम, रू. १ लाखदेखि माथि रू. ५ लाखसम्म हाल १० प्रतिशत लागी आएकोमा अब १२ प्रतिशत र रू. ५ लाखदेखि माथिमा हाल १२ प्रतिशत लागी आएकोमा अब १५ प्रतिशत गरिएको छ। शहरी क्षेत्रको घरजग्गा बाहेक अन्यमा रू. १ लाख सम्मको राजीनामामा साविकबमोजिम, रू. १ लाखदेखि माथि रू. ५ लाख सम्मलाई हाल ८ प्रतिशत लागी आएकोमा अब १० प्रतिशत र रू. ५ लाखदेखि माथिमा हाल १० प्रतिशत लागी आएकोमा अब १२ प्रतिशतका दरले रजिष्ट्रेशन दस्तूर लगाई असूल उपर गरिनेछ। हालको बकसपत्र र शेषपछिको बकसपत्रमा रू. १ लाख सम्ममा साविकबमोजिम ६ प्रतिशत रू. १ लाखदेखि माथि रू. ५ लाख सम्ममा १० प्रतिशत र रू. ५ लाखदेखि माथिमा १२ प्रतिशतले रजिष्ट्रेशन दस्तूर लगाई असूल उपर गर्ने व्यवस्था गरेको छ। साथै सबै किसिमका बकसपत्रमा स्थानीय चलितको मोलमा मूल्याङ्कन गर्नुपर्ने व्यवस्था गरेको छ। यसबाट करीब ५० लाख थप राजस्व आर्जन हुने अनुमान गरिएको छ। अरू सबै रजिष्ट्रेशन दस्तूर यथावत् कायम गरिएको छ।

हाम्रो देश कृषि प्रधान देश हो र कूल राष्ट्रिय आयको करीब ६८ प्रतिशत यस क्षेत्रबाट नै योगदान हुने हुनाले देश विकासको लागि आवश्यक साधनको बढी मात्रामा परिचालन पनि यसै क्षेत्रबाट हुनु पर्ने हो तापनि आवश्यक मात्रामा यो हुन सकेको छैन। यस क्षेत्रबाट स्थानीय तथा राष्ट्रिय विकासमा बढी योगदान दिलाउने उद्देश्यले आगामी वर्षदेखि अधिराज्यका केही जिल्लाहरूमा पञ्चायत विकास तथा जग्गाकर लगाउन लागेको छ। यस किसिमको कर हाल झापा र मोरङ्ग जिल्लाको केही पञ्चायतहरूमा लागू छ। आजसम्मको प्रयोगबाट करको ढाँचामा परिवर्तन गरेर साधन परिचालन गर्न यो प्रणाली उपयुक्त देखिएको छ। साथै धेरै जिल्ला पञ्चायतहरूबाट यो प्रणाली लागू गर्ने माग पनि भएकोले यस्को शुरुआत आगामी वर्षदेखि गर्ने र ५ वर्षमा अधिराज्यभर यो व्यवस्था लागू गरिनेछ। पञ्चायत विकास तथा जग्गाकर लागू भएका जिल्लाहरूमा मालपोत लाग्ने छैन। स्थानीय विकासको लागि आवश्यक साधन उपलब्ध हुने हुनाले यो कर लागू भएका जिल्लाहरूमा बाहेक अरू जिल्लाहरूमा मात्र श्री ५ को सरकारले दिई आएको अनुदान दिइनेछ।

कृषि क्षेत्रमा नयाँ करको प्रणाली लागू गरिने भएकोले विगत केही वर्षदेखि लगाई आएको कृषि आयकर आगामी वर्षदेखि खारेज गरिनेछ। यस व्यवस्थाले रू. २५ लाख राजस्व घट्ने हुन्छ।

शहरी क्षेत्रको घरजग्गा कर असूलीतर्फ सक्रिय रूपमा प्रयास गरिंदै आएको भए तापनि यस क्षेत्रको लगानीको अनुपातमा असूली हुन सकेको छैन तसर्थ श्री ५ को सरकारले सम्बन्धित नगर पञ्चायतहरूको आवश्यक सहयोग प्राप्त गरी यस करको आधार विस्तार गर्ने प्रयाश गर्नेछ। यसको प्रतिफल राम्रो भएमा यस स्रोतबाट उठेको रकमको एक तिहाई सम्बन्धित नगर पञ्चायतलाई अनुदानस्वरूप दिइनेछ शहरी क्षेत्रको घरजग्गा करको दर यथावत कायम गरिएको छ।

आर्थिक विकासको लागि आवश्यक साधन जुटाउन निजी क्षेत्रमा उपभोग कम गरी बचत गर्नेतर्फ प्रोत्साहित गर्न आवश्यक छ भन्ने कुरा मैले भनीरहन पर्ने होइन। बचत वृद्धि भएमा

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।

यसबाट एकातिर मुद्रा प्रदाय नियन्त्रण हुन जान्छ भने अर्कोतिर लगानीको लागि साधन पनि उपलब्ध हुन्छ। तसर्थ वचत गर्ने बानीलाई प्रोत्साहन गर्ने बैङ्कमा राखेको निक्षेपबाट आउने गरेको आयलाई अन्य स्रोतहरूबाट आएको आयमा जोडी आयकर निर्धारण गर्ने गरी आएकोमा आगामी वर्षदेखि निक्षेपबाट पाउने व्याजको आयमा छुट्टै व्यवस्था गरेर बैङ्कले व्याज वितरण गर्दा स्रोतमा नै निम्न तालिकाबमोजिमको रकम कटाई श्री ५ को सरकारको खातामा जम्मा गर्नु पर्ने गरी बैङ्क व्याज कर लगाएको छु।

| वार्षिक पाउने व्याज रकम | कर |
|---|---|
| रू. १,०००।– सम्म | छूट |
| रू. ३,२५०।– सम्म | ५ प्रतिशत |
| रू. ३,२५१।– देखि रू. ६,५००।– सम्म | १० प्रतिशत |
| रू. ६,५०१।– देखि रू. १३,०००।– सम्म | १५ प्रतिशत |
| रू. १३,००१।– देखि माथि | २० प्रतिशत |

सरासर हेर्दा यस व्यवस्थाले आयकरबाट हुने असूली केही घट्न जाने देखिन्छ तापनि बैङ्क व्याज करको छुट्टै व्यवस्था भई स्रोतमै असूल हुन जाने प्रवन्धले गर्दा राजस्व रू. १ करोड ७० लाख बढ्न जानेछ।

हाल मुद्रा प्रदायमा देखा पर्न थालेको स्थितिलाई दृष्टिगत गर्दा कर्जा नियन्त्रण गर्नु पर्ने आवश्यकता देखी कर्जाकरको व्यवस्था गरेको छु। तसर्थ आगामी वर्षदेखि बैङ्कहरूले दिने कर्जामा कर्जा रकमको ०.२५ प्रतिशत र बैङ्कले ०.५० प्रतिशत कर्जा लिने व्यक्तिबाट बैङ्कले कर्जा दिने अवस्थामा नै श्री ५ को सरकारको खातामा कर्जाकर जम्मा गर्नु पर्नेछ। तर गाउँ घरमा न्यून आय हुने वर्गले आफ्नो अत्यावश्यक व्यवहार चलाउन लिनु पर्ने कर्जामा बढी भार नपरोस् भन्ने उद्देश्यले सुन चाँदीमा, बैङ्कले अनिवार्य रूपमा लगानी गर्नु पर्ने व्यवस्था गरिएको प्राथमिकता क्षेत्रमा र कृषि, उद्योग जस्ता उत्पादक क्षेत्रमा जाने कर्जामा भने यो कर नलाग्ने व्यवस्था गरेको छु। यस प्रस्तावबाट रू. १ करोड १२ लाख उठ्ने अनुमान लगाएको छु। यो कदमले प्राथमिकता क्षेत्रमा लगानी गर्न बैङ्कहरू बढी प्रोत्साहित होलान् भन्ने धारणा छ।

अन्तर्राष्ट्रिय उडानमा प्रति व्यक्ति रू. ३०।– का दरले हवाई उडान कर लगाई आएकोमा आगामी आर्थिक वर्षदेखि रू. ४०।– का दरले लगाई असूल उपर गरिनेछ। आन्तरिक हवाई उडान कर भने यथावत् नै कायम गरेको छु। यसबाट रू. ११ लाख वृद्धि हुन जाने अनुमान लगाएको छु।

हाल होटेल कर ५ प्रतिशतका दरले लागी आएकोमा आगामी वर्षदेखि १० प्रतिशतका दरले असूल गरिनेछ। यसबाट रू. ५५ लाख थप राजस्व आउने अनुमान छ।

यी उपर्युक्त प्रत्यक्ष करको परिवर्तनहरूबाट जम्मा रू ३ करोड ७३ लाख बढ्न जाने अनुमान छ। अरू सबै प्रत्यक्ष करको दर यथावत नै कायम गरेको छु।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अब म अप्रत्यक्ष करहरूको प्रस्ताव पेश गर्दछु ।

उत्पादन वृद्धि गर्नमा, रोजगारी बढाउनामा तथा उत्पादनको न्यायोचित वितरण गर्नमा स-साना उद्योग तथा अन्य व्यवसायहरूको महत्वपूर्ण भूमिका छ । निजी क्षेत्रका साना घरेलु तथा ग्रामीण उद्योगीहरूलाई प्रोत्साहन होस् भन्ने हेतुले आगामी वर्षदेखि पेय तथा मादक पदार्थ उत्पादन गर्ने उद्योग, चुरोट, बिडी, सलाई, खयर (कत्था), उत्पादन गर्ने चावल, तेल, मैदा, इत्यादि प्रशोधन गर्ने मिलहरू बाहेक अन्य सबै किसिमका रू. २ लाखसम्म स्थिर पूंजी भएका उद्योगहरूबाट उत्पादित वस्तुहरूमा अन्तः शुल्क माफी गरिएको छ । यस व्यवस्थाले सस्ता स्वदेशी उद्योगहरूले उत्पादन गरेका वस्तुहरू र यस्तै आयात हुने वस्तुहरूसंग बढी मात्रा प्रतिस्पर्धा गरी आयात प्रतिस्थापन गर्न सक्नेछन् ।

डिष्टीलरीबाट तयार भएको निम्न खालको मदिरामा प्रति लिटर रू. ५।– लिई आएकोमा रू. ७।– र उच्चकोटीको मदिरामा रू. २५।– प्रति लिटर लगाई आएकोमा अब उप्रान्त रू. ३५।– असूल उपर गरिनेछ । यसले रू. ५० लाख थप राजस्व वृद्धि हुने अनुमान छ ।

अरू सबै अन्त शुल्कको दर यथावत कायम गरिएको छ ।

देशका भाँडा–कुँडा बनाउने कालीगढहरूले आ–आफनो ज्यासलमा भाँडा–कुँडा बनाई देशको उत्पादनमा ठूलो योगदान दिंदै आएका छन् । यस पेशामा रोजगारीको ठूलो गुन्जायस छ । यस बाहेक विगत केही वर्षदेखि क्युरियो तथा कलात्मक हस्तकलाको विकास पनि बढ्दो रूपले भई राखेको छ । तसर्थ देशमा तामा पित्तलको भाँडा-कुँडा र हस्तकला उद्योगलाई प्रोत्साहन दिन तामा र तामामिश्रको पाता, चादर, सर्किल, तार, स्ट्रिप र क्वायल आदिमा भारतबाट आयात हुनेमा १ प्रतिशत र तेश्रो मुलुकबाट आयात हुनेमा प्रति मे. टनको रू. ६,२५५।– र यस्तै तामा र वजनमा ५० प्रतिशत र सोभन्दा बढी तामा मिसाएको मिश्रण धातु, कच्चा रूपमा तामा र तामा मिश्रण इत्यादिमा भारतबाट आयात हुनेमा १ प्रतिशत र तेस्रो मुलुकबाट आयात हुनेमा प्रति मेट्रिक टन रू. ५५६०।– लागी आएकोमा यी सबैलाई समुद्रपारका मुलुकबाट पैठारी गरेमा रू. १,०००।– प्रति मेट्रिक टन भन्सार महसूल दरवन्दी लगाइएको छ । रेडियो मनोरञ्जनको मात्र साधन नभई सञ्चारको एक महत्वपूर्ण माध्यम हो र हाम्रा देशका कुनाकाप्चामा बसेका देशवासी-हरूलाई देशमा भइरहेको विकास कार्य परिचित गराउने माध्यम पनि भएकोले सस्ता खालको रेडियो सुपथ मोलमा उपलब्ध होस् भन्ने ध्येयले रू. ६००।– सम्मको रेडियो, ट्रान्जिस्टर रेडियोमा भारतबाट आयात हुनेमा ७५ प्रतिशत र तेस्रो मुलुकबाट आयात हुनेमा हालसम्म मूल्यको ९० प्रतिशत भन्सार लागी आएकोमा अब भारतबाट आयात हुनेमा २० प्रतिशत र तेस्रो मुलुकबाट आयात हुनेमा २५ प्रतिशत मात्र लगाइएको छ । साथै यस्ता रेडियो, ट्रान्जिस्टर रेडियो भारटबाट ए.आर.वन फर्म अन्तर्गत आयात हुनेलाई १५ प्रतिशत मात्र सरचार्ज लगाएको छु । रेक्टिफाइड स्पिरिटमा हाल प्रतिलिटर रू. ११५० लागी आएकोमा रू. १०।– प्रतिलिटर गरेको छु ।

घरेलु विभागमा रजिष्टर्ड भएका उद्योगहरूलाई उक्त विभागले सिफारिश गरेमा बाहेक, पर्यटन विभाग र उद्योग विभागले सिफारिश गरी आयात हुने सामानहरूमा हाल १ प्रतिशत

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मात्र भन्सार लिई बिक्रीकर छूट दिई आउँदा आफ्नो देशको उत्पादन उपयोग नगरी आयात गर्ने प्रवृत्तिले प्रश्रय पाएको देखिएकोले, देशका स्थानीय उद्योगहरूलाई संरक्षण प्रदान गर्ने तथा आन्तरिक बजारलाई प्रतिस्पर्धात्मिक बनाउन अब उप्रान्त स्वदेशमा उत्पादन भएका मालसामानहरू प्रयोग नगरी बाहिरबाट आयात गरिने त्यस्ता मालसामानहरूलाई १० प्रतिशत भन्सार लगाइने छ। तर यस्ता मालमा बिक्रीकर लगाइने छैन। यस व्यवस्थाबाट करीब ५० लाख जति भन्सार रकम बढ्ने अनुमान छ।

हाल लागू रहेका अरू सबै भन्सार दर यथावत नै कायम गरिएको छ।

घरेलु उद्योगलाई प्रोत्साहन दिन यस्ता उद्योगहरूले प्रयोग गर्ने केही कच्चा पदार्थ जस्तो सूती धागो, स्टेपल धागो, भेडा च्याँग्राको कच्चा ऊन र अरू यस्तै किसिमका कच्चा पदार्थको पैठारीमा भने बिक्रीकर नलाग्ने गरिएको छ। यसको अतिरिक्त उत्पादनमा अन्तः शुल्क नलाग्ने गरिएका २ लाखसम्म स्थिर पूंजी भएका साना उद्योगहरूले उत्पादन गरेका अन्तः शुल्क माफ गरिएको सबै मालसामानहरूमा बिक्रीकर नलाग्ने गरेको छ।

अरू सबै बिक्रीकरको दर यथावत कायम राखिएको छ।

पञ्च वर्षीय योजनामा, विकासको लागि आवश्यक साधन जुटाउन संचित विदेशी मुद्राको पनि उपयोग गर्ने व्यवस्था भएको र वर्तमान आर्थिक स्थितिमा विदेशी मुद्राको बढ्दो संचितिले मुद्रा प्रदायमा पारेको प्रतिकूल असर र यसबाट मूल्यमा पर्न सक्ने चापलाई दृष्टिगत गरी यो साधन विकास सामग्री तथा आवश्यक उपभोग्य वस्तुहरूको पैठारीमा सदुपयोग गर्ने उद्देश्य राखेको छ। यसो गर्दा देशको उद्योगहरूलाई पनि प्रतिस्पर्धा गर्न कठिन नहोस् भन्ने हेतुले यस व्यवस्था अन्तर्गत पैठारी हुने वस्तुहरूको विशेष लाइसेन्स दस्तूर तिरी झिकाउन पाउने व्यवस्था गरेको छ। यसबाट करीब रू. ३ करोड ५० लाख राजस्व प्रत्यक्षरूपले वृद्धि हुने अनुमान छ। यस बाहेक यस व्यवस्थाले आयातको परिमाणमा वृद्धि हुने हुनाले भन्सार रकम र बिक्रीकरको रकम वृद्धि हुने भई अप्रत्यक्ष रूपले अरू रू. ५ करोड वृद्धि हुने अनुमान छ।

यस वर्षको अन्त्यमा वन पैदावार बिक्री वितरणमा रोयल्टी वृद्धि गरिएकोले आगामी वर्षदेखि यसको पूर्णरूपले असर पर्ने हुनाले वनबाट थप रू. २ करोड राजस्व प्राप्त हुने अनुमान छ।

सरकारी संस्थानहरूलाई सक्षम बनाउन तथा सरकारी संस्थानहरूको पनि राजस्वमा बढीमात्रामा योगदान पुगोस् भन्ने हेतुले श्री ५ को सरकारले विभिन्न उपायहरू अपनाउने छ।

बाँकी अरू सबै करहरू यथावत कायम गरिएको छ।

राजस्व प्रशासन सुधार गर्ने काम अनवरत रूपले गर्दै आएको माननीय सदस्यहरूलाई अवगत भएकै विषय हो। आगामी वर्षदेखि भन्सार गस्ती टोलीको पुनः गठन गर्न लागेको छ। यस व्यवस्थाले भन्सार तथा बिक्रीकर प्रशासन बढी प्रभावकारी भई राजस्व वृद्धिमा योगदान हुने विश्वास लिएको छ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

प्रस्तावित कर परिवर्तन तथा प्रशासकीय उपायद्वारा रू. १५ करोड २३ लाखको थप राजस्व उठाउने व्यवस्था गरेको छु । विकास र साधारण गरी कूल खर्च ३ अरब ८ करोड ७४ लाख२४हजार खर्च हुने अनुमान भएकोमा वैदेशिक सहायता तथा ऋणबाट रू. १अरब १२करोड ५ लाख ७४ हजार र आन्तरिक साधनको वर्तमान स्रोत, कर परिवर्तन र प्रशासकीय उपायहरूबाट गरी जम्मा रू. १ अरब ७२ करोड ४५ लाख ६५ हजार आर्जन हुने अनुमान भएकोले जम्मा रू. २४ करोड २२ लाख ५५ हजार न्यून हुन जाने देखिन्छ । यसप्रकार हुनगएको अनुमानित न्यून आन्तरिक ऋणबाट व्यहोरिने व्यवस्था गरेको छु ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

६

आगामी वर्षको लागि श्री ५ को सरकारले परिकल्पना गरेको आर्थिक नीति र आय–व्ययको विवरण प्रस्तुत गरें। विहंगम दृष्टिकोणबाट हेर्दा यस बजेटमा आय र व्ययको बीच बढी सन्तुलन कायम भएको छ र साधन परिचालनको प्रक्रियालाई श्री ५ को सरकारको आफ्नै राजस्व र लगानीको दृष्टिकोणले मात्र नहेरी देशव्यापी विकासको अभियान चलाउने माध्यमको रूपमा लिइएको छ। साना-किसान, ग्रामीण तथा घरेलु उद्योगहरूको आवश्यकतालाई मध्यनजर राखेर स्थानीय तहको विकासलाई प्रश्रय दिइएको छ। योजनाको तेस्रो वर्षको लगानीको लागि आवश्यक साधन जुटाएर योजना अनुकूल लक्ष्य प्राप्त गर्ने लगानी र कार्यक्रम बनाइएको छ।

मैले प्रस्तुत गरेको बजेटमा आवश्यकता अनुकूल लगानी छुट्याइएको छ भने करको भार न्यूनतम हुनुको साथै कुन कुनै क्षेत्रमा राहत पनि दिइएको छ। मूल्य वृद्धिमा सरकारी वित्तीय तथा मौद्रिक नीतिबाट चाप नपर्ने ढाँचा अपनाइएको छ भने व्यापारको क्षेत्रमा बढी उदार नीति अपनाएर आपूर्तिको समस्या हल गर्ने लक्ष्य राखिएको छ। श्री ५ को सरकारको लगानीलाई बढी प्रभावकारी बनाउने र स्थानीय पञ्चायतलाई क्रमशः आत्मनिर्भर गराउने गरी करको ढाँचामा परिवर्तन गर्ने प्रक्रिया शुरू गरिएको छ। यसको साथै श्री ५ को सरकारको वित्तीय संस्थानहरूको माध्यमबाट बढ्दो मात्रामा लगानी गरेर निजी उद्यमलाई प्रोत्साहित गरिंदैछ।

प्रशासकीय यन्त्रले विकास कार्य बढी दक्षताकासाथ सञ्चालन गर्दै आएको कुरा मैले उल्लेख गरिसकें। प्रशासनसुधार आयोगको प्रतिवेदनको कार्यान्वियनबाट प्रशासकीय यन्त्रलाई कम खर्चिलो र अरू छिटो छरितो गराउने प्रयास आगामी वर्षमा गरिनेछ। प्रशासनसुधारको क्रममा लिइने यस्ता कदमहरूबाट आगामी वर्षहरूमा विकास कार्यको कार्यान्वियनमा अरू सघाउ पुग्ने आशा गर्न सकिन्छ। कर्मचारी वर्गलाई क्रमशः बसोबासको सुविधा मिलोस् भन्ने हेतुले कर्मचारी सञ्चयकोषको माध्यमद्वारा कर्मचारी आवासको व्यवस्था गर्ने कार्यक्रम लागू हुँदैछ। यसको साथै सञ्चयकोषको मुनाफाको केही अंशबाट, कर्मचारीको र श्री ५ को सरकारको योगदान-बाट जीवन बीमाको प्रवन्ध गर्ने कार्यक्रम पनि तर्जुमा भइरहेछ।

विकासोन्मुख मुलुक प्रायः सबैको आर्थिक अवस्थालाई समष्टि रूपमा हेर्ने हो भने मध्य तहको आय भएका विकासोन्मुख मुलुकहरूले केही प्रगति गर्न सक्षम भएका छन् तापनि न्यूनतम तहको आय भएका धेरै मुलुकहरूको आर्थिक समस्या कठिन हुँदै गइरहेको देखिन्छ। विगत दशकमा सम्पूर्ण एशियाई मुलुकहरूको खाद्यान्न उत्पादन जनसंख्या वृद्धिको दरभन्दा बढी

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

हुन सकेको छैन र धेरैजसो मुलुकहरूमा त्यसै अवधिमा जनसंख्या वृद्धि र खाद्यान्न उत्पादनको दरको असन्तुलनले गर्दा प्रति व्यक्ति खाद्यान्न उपलब्धी कम हुन गएको भन्ने तथ्य एशियाई विकास बैङ्कले हालै सम्पन्न गरेको कृषि सर्भेक्षणमा जनाएको छ। अन्तर्राष्ट्रिय क्षेत्रमा विकसित र विकासोन्मुख देशका बीच एक नयाँ र न्यायोचित आर्थिक अवस्थाको सिर्जना गर्नु पर्दछ भन्नेकुरा लगातार चलेको छ तर यी प्रयासहरू प्राय: विफल भएका छन्। धनी र गरीब मुलुकहरूको बीचको बढ्दो अन्तरले विश्वको राजनैतिक क्षेत्रमा एक तनाउ पनि पैदा गरेको छ। मैले यो कुरा उठाउनुको उद्देश्य विकासोन्मुख मुलुकहरूको सीमित साधनले जतिसुकै प्रयास गरे पनि ठोस उपलब्धी हासिल गर्न कति कठिन छ भन्ने तथ्य आज हाम्रो लागि मात्र होइन विश्वका लागि नै चिन्ताको विषय भएको कुरा दर्शाउनु हो।

बाह्य जगतमा धनी र गरीबको बीचको अन्तरको सानो नमूना विकासोन्मुख देश भित्रै पनि सम्पन्न र विपन्नको बीचको बढ्दो अन्तरमा पाइन्छ। सीमित साधन भएको मुलुक भित्र सीमित व्यक्तिले असीमित उपभोग गर्ने र बहुसंख्यक जनताले दिनभरको प्रयासको बावजूद न्यूनतम आवश्यकता पुऱ्याउन नसक्ने अवस्था आज प्रत्येक विकासोन्मुख मुलुकको अगाडि विकराल समस्याको रूपमा छ।

यही समस्याको मर्म बुझिबक्सेर यस वर्ष श्री ५ महाराजाधिराज सरकारबाट सदनलाई बक्सेको शाही सम्बोधनमा बहुसंख्यक जनताको न्यूनतम आवश्यकता पुऱ्याउने आर्थिक कार्यक्रम तर्जुमा गर्ने निर्देशन हामी सबैलाई बक्सेको छ। यो उद्देश्य परिपूर्ति गर्न विकासलाई स्वचालित ढङ्गले गाउँ गाउँमा सञ्चालन गर्ने सघन विकास कार्यक्रम श्री ५ को सरकारले तर्जुमा गरेको छ र चालू पञ्च वर्षीय योजनालाई पनि यही दिशामा मोड्न आगामी आर्थिक वर्षमा मध्यावधि मूल्याङ्कन गर्ने निर्देशन विगत राष्ट्रिय विकास परिषद्को बैठकमा मौसूफ सरकारले योजना आयोगलाई बक्सेको छ। यी प्रयासहरूबाट हामी: यस दिशातिर भविष्यमा बढी तीव्रताका साथ लम्कन सक्ने छौं।

प्रस्तुत बजेटमा विभिन्न तहका पञ्चायतहरूको बढ्दो भूमिका र बढी जन परिचालन गर्ने प्रक्रियाको परिकल्पना गरिएको छ। सीमित साधन भएको हाम्रो जस्तो मुलुकले सरकारी लगानीबाट बहुगुणा लक्ष्य प्राप्त गर्न जनपरिचालन गरेर स्थानीय विकासमा जोड दिए मात्र सम्भव छ र यस प्रकार विकासको काम जति व्यापक हुन्छ उति न्यायोचित वितरण प्रणाली पनि कायम हुँदै जान्छ। पञ्चायतहरूलाई दिइने अनुदान वा स्थानीय पञ्चायतले आफ्नो अधिकार क्षेत्रबाट सङ्कलन गरेको पूंजीबाट हुने लगानीको अतिरिक्त श्री ५ को सरकारले नै सञ्चालन गरेका आयोजनाहरूमा पनि जन-सहयोग बढ्दो मात्रामा लिएर आयोजनाको प्रभावकारिता बढाउने उद्देश्य राखिनेछ।

आगामी वर्षको बजेटको कार्यान्वयन क्रममा श्री ५ को सरकारको सबै इकाईहरू यसतर्फ प्रयत्नशील रहने छन् भन्ने कुरामा म सदनलाई विश्वास दिलाउन चाहन्छु।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## खर्च ब्यहोर्ने श्रोतहरूको संक्षिप्त विवरण

रू. हजारमा

| २०३२।३३ को यथार्थ | खर्च | २०३३।३४ को संशोधित अनुमान | २०३४।३५ को अनुमान |
|---|---|---|---|
| १,९१,३३,६० | कुल खर्च | २,३७,१६,३० | ३,०८,७४,२४ |
| ६७,४४,७१ | साधारणतर्फ | ८६,१०,९० | ९३,८५,२६ |
| १,२३,८८,८९ | विकासतर्फ | १,५१,०५,४० | २,१४,८८,९८ |
| | **खर्च ब्यहोर्ने श्रोतहरू** | | |
| १,११,५६,२४ | राजस्वबाट | १,३२,१२,४९ | १,७२,४५,९५ |
| | आयको वर्तमान स्रोतबाट | | १,५७,२२,९५ |
| | कर प्रस्तावबाट | | ८,२३,०० |
| | प्रशासकीय तथा अन्य उपायहरूबाट | | ७,००,०० |
| ३५,९७,१७ | विदेशी सहायता | ३८,६२,९३ | ५०,५८,८५ |
| ३०,७६,८५ | द्विपक्षीय | ३१,३८,०० | ३९,५३,५२ |
| ५,२०,३२ | बहुपक्षीय | ७,२४,९३ | ११,०५,३३ |
| −४३,८०,१९ | बचत (+) वा न्यून (−) | −६६,४०,८८ | −८५,९९,४४ |
| | **न्यून पूर्तिगर्ने श्रोतहरू** | | |
| १४,५९,३७ | विदेशी ऋण | २०,६०,४२ | ६१,४६,८९ |
| २,३०,६९ | द्विपक्षीय | २,८५,४२ | १६,९८,६७ |
| १२,२८,६८ | बहुपक्षीय | १७,७५,०० | ४४,४८,२२ |
| २०,००,०० | आन्तरिक ऋण | ३०,००,०० | २४,२२,५५ |
| ९,२०,८२ | नगद मौज्दात (बचत−) | १५,८०,४६ | — |

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# राजस्व अनुमान

## २०३४।३५

रू. हजारमा

| संकेत संख्या | शीर्षक | उप-शीर्षक | वर्तमान स्रोतबाट | कर परिवर्तन-बाट | प्रशासकीय तथा अन्य उपायहरू-बाट | जम्मा |
|---|---|---|---|---|---|---|
| | | कूल जम्मा | १,५७,२२,६५ | ८,२३,०० | ७,००,०० | १,७२,४५,६५ |
| १.१.१.० | भन्सार महसूल | | ४४,१०,७० | ५०,०० | ३,००,०० | ४७,६०,७० |
| १.१.१.१ | | समुद्रपारका देशहरूबाट हुने पैठारीमा | १६,४५,०० | २०,०० | ३,००,०० | १६,६५,०० |
| १.१.१.२ | | समुद्रपारका देशहरूमा हुने निकासीमा | ४०,०० | — | — | ४०,०० |
| १.१.१.३ | | भारतबाट हुने पैठारीमा | ६,०५,०० | ३०,०० | — | ६,३५,०० |
| १.१.१.४ | | भारतमा हुने निकासीमा | ४,७०,०० | — | — | ४,७०,०० |
| १.१.१.५ | | भारतीय अन्तः शुल्क फिर्ता | १३,००,०० | — | — | १३,००,०० |
| १.१.१.६ | | भन्सारको अन्य आय | ५०,७० | — | — | ५०,७० |
| १.१.२.० | वस्तु तथा सेवाको उत्पादन तथा उप-भोगमा लाग्ने कर | | ४८,७२,०० | १,१६,०० | २,००,०० | ५१,८८,०० |
| १.१.२.१ | | औद्योगिक उत्पादनमा अन्तःशुल्क | १५,६०,०० | ५०,०० | — | १६,१०,०० |
| १.१.२.२ | | मद्‌भट्टी ठेक्का रकम | ३,५०,०० | — | — | ३,५०,०० |
| १.१.२.३ | | बिक्री कर | २४,८७,०० | — | २,००,०० | २६,८७,०० |
| १.१.२.४ | | मनोरञ्जन कर | १,००,०० | — | — | १,००,०० |
| १.१.२.५ | | सवारी कर | १,६०,०० | — | — | १,६०,०० |

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| संकेत संख्या | शीर्षक | उप-शीर्षक | वर्तमान स्रोतबाट | कर परिवर्तन-बाट | प्रशासकीय तथा अन्य उपायहरू-बाट | जम्मा |
| --- | --- | --- | --- | --- | --- | --- |
| १.१.२.६ | | होटेल कर | ५५,०० | ५५,०० | — | १,१०,०० |
| १.१.२.७ | | हवाई उडान कर | ६०,०० | ११,०० | — | ७१,०० |
| १.१.२.८ | | ठेक्का कर | १,००,०० | — | — | १,००,०० |
| १.१.३.० | मालपोत तथा रजिष्ट्रेशन | | १५,६२,०० | ५०,०० | — | १६,१२,०० |
| १.१.३.१ | | माल र कोष तथा तहसील कार्यालयबाट उठाइने मालपोत | ११,००,०० | — | — | ११,००,०० |
| १.१.३.२ | | पञ्चायत मार्फत उठाइने मालपोत | १७,०० | — | — | १७,०० |
| १.१.३.३ | | घर जग्गा रजिष्ट्रेशन दस्तूर | ४,४५,०० | ५०,०० | — | ४,९५,०० |
| १.१.४.० | आय, नाफा र सम्पत्ति कर | | १५,१८,०० | २,५७,०० | — | १७,७५,०० |
| १.१.४.१ | | आय कर— सरकारी क्षेत्र | २,०१,०० | — | — | २,०१,०० |
| १.१.४.२ | | आय कर- अर्ध सरकारी क्षेत्र | | | | |

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| संकेत संख्या | शीर्षक | उप–शीर्षक | वर्तमान स्रोतबाट | कर परिवर्तनबाट | प्रशासकीय तथा अन्य उपायहरूबाट | जम्मा |
|---|---|---|---|---|---|---|
| १.१.४.३ | | आय कर–सार्वजनिक क्षेत्र | २१,७० | – | – | २१,७० |
| १.१.४.४ | | आयकर–निजी क्षेत्र | १०,२४,६० | –२५,०० | – | ९,९९,६० |
| १.१.४.५ | | आय कर–पारिश्रमिक | ७२,०० | – | – | ७२,०० |
| १.१.४.६ | | घर बहाल कर | २१,५० | – | – | २१,५० |
| १.१.४.७ | | शहरी क्षेत्र घर जग्गा कर | ५०,०० | – | – | ५०,०० |
| १.१.४.८ | | सवारी साधन कर | २०,०० | – | – | २०,०० |
| १.१.४.९ | | ब्याज कर | – | १,७०,०० | – | १,७०,०० |
| १.१.४.९ (क) | | कर्जा कर | – | १,१२,०० | – | १,१२,०० |
| १.१.५.० | दस्तूर, दण्ड जरीवाना र जफत | | १,४७,२५ | – | – | १,४७,२५ |
| १.१.५.१ | | फर्म रजिष्ट्रेशन दस्तूर | ६,०० | – | – | ६,०० |
| १.१.५.२ | | एजेन्सी रजिष्ट्रेशन दस्तूर | १५ | – | – | १५ |

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| संकेत संख्या | शीर्षक | उप–शीर्षक | वर्तमान स्रोतबाट | कर परिवर्तन-बाट | प्रशासकीय तथा अन्य उपायहरूबाट | जम्मा |
|---|---|---|---|---|---|---|
| १.१.५.३ | | बन्दूक,पिस्तोल रजिष्ट्रेशन दस्तूर | ३,५० | – | – | ३,५० |
| १.१.५.४ | | सवारी इजाजत दस्तूर | ५,३५ | – | – | ५,३५ |
| १.१.५.५ | | न्यायिक शुल्क, दण्ड जरीवाना तथा जफत | ८०,०० | – | – | ८०,०० |
| १.१.५.६ | | प्रशासनिक दस्तूर, दण्ड जरीवाना तथा जफत | ५२,२५ | – | – | ५२,२५ |
| १.१.६.० | सरकारी सेवा तथा वस्तुहरूको बिक्रीबाट प्राप्त आय | | १०,७६,१० | ३,५०,०० | २,००,०० | १६,२६,१० |
| १.१.६.१ | | पिउने पानी महसूल | ३,४० | – | – | ३,४० |
| १.१.६.२ | | पानीपोत | ६६,२० | – | – | ६६,२० |
| १.१.६.३ | | विद्युत् महसूल | ६०,०० | – | – | ६०,०० |
| १.१.६.४ | | हुलाक सेवा | १,६५,०० | – | – | १,६५,०० |
| १.१.६.५ | | खाद्य कृषि क्षेत्रको आय | १५,५० | – | – | १५,५० |
| १.१.६.६ | | शिक्षा क्षेत्रको आय | १५,०० | – | – | १५,०० |
| १.१.६.७ | | वन क्षेत्रको आय | ६,३०,०० | – | २,००,०० | ८,३०,०० |

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| संकेत संख्या | शीर्षक | उप-शीर्षक | वर्तमान स्रोतबाट | कर परिवर्तनबाट | प्रशासकीय तथा अन्य उपायहरूबाट | जम्मा |
|---|---|---|---|---|---|---|
| १.१.६.८ | | यातायात क्षेत्रको आय | १,०१,०० | – | – | १,०१,०० |
| १.१.६.९ | | अन्य सरकारी क्षेत्रको आय | २०,०० | ३,५०,०० | – | ३,७०,०० |
| १.१.७.० | लाभांश | | ७,७३,०० | – | – | ७,७३,०० |
| १.१.७.१ | | वित्तीय संस्था | ६,२५,०० | – | – | ६,२५,०० |
| १.१.७.२ | | व्यापारिक संस्था | ३०,०० | – | – | ३०,०० |
| १.१.७.३ | | औद्योगिक संस्था | ७८,०० | – | – | ७८,०० |
| १.१.७.४ | | सेवामूलक संस्था | ५,०० | – | – | ५,०० |
| १.१.७.५ | | अन्य संस्था | ३५,०० | – | – | ३५,०० |
| १.१.८.० | रोयल्टी तथा सरकारी सम्पत्ति बिक्री | | २,०६,०० | – | – | २,०६,०० |
| १.१.८.१ | | खानी रोयल्टी | १,०० | – | – | १,०० |
| १.१.८.२ | | विद्युत् रोयल्टी | १,४०,०० | – | – | १,४०,०० |
| १.१.८.३ | | अन्य रोयल्टी | ५५,०० | – | – | ५५,०० |
| १.१.८.४ | | सरकारी घर जगा बिक्री | – | – | – | – |

मुद्रण विभाग, सिंहदरबार
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| संकेत संख्या | शीर्षक | उप–शीर्षक | वर्तमान स्रोतबाट | कर परिवर्तन बाट | प्रशासकीय तथा अन्य उपायहरूबाट | जम्मा |
|---|---|---|---|---|---|---|
| १.१.८.५ | | मेशीनरी सामान बिक्री | ७,०० | – | – | ७,०० |
| १.१.८.६ | | अन्य बिक्री | ३,०० | | | ३,०० |
| [illegible].८.० | (क) टकमरी तथा टक्सारको अन्य आय | | ३,४०,५० | – | – | ३,४०,५० |
| १.१.८.७ | | टकमरी | ३,४०,०० | – | – | ३,४०,०० |
| १.१.८.८ | | टक्सारको अन्य आय | ५० | – | – | ५० |
| १.१.९.० | साँवा र ब्याज | | ७,०२,४० | – | – | ७,०२,४० |
| १.१.९.१ | | साँवा–कम्पनी र संस्थानहरूबाट | ५,३७,२६ | – | – | ५,३७,२६ |
| १.१.९.२ | | ब्याज कम्पनी र संस्थानहरूबाट | १,४७,६४ | – | – | १,४७,६४ |
| १.१.९.३ | | अन्य साँवा र ब्याज | १७,५० | – | – | १७,५० |
| [illegible].९.० | (क) दातव्य तथा उपहार र विविध आय | | १,१५,०० | – | – | १,१५,०० |
| १.१.९.४ | | दातव्य र उपहार | १४,०० | – | – | १४,०० |
| १.१.९.५ | | विविध आय | १,०१,०० | – | – | १,०१,०० |

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## आर्थिक वर्ष २०३२।३३ को यथार्थ र २०३३।३४ को संशोधित राजस्व अनुमान

रू. हजारमा

| क्रम संख्या | शीर्षक | उप-शीर्षक | २०३२।३३ को यथार्थ | २०३३।३४ को संशोधित अनुमान |
|---|---|---|---|---|
| | | कुल जम्मा | १,११,५६,२४ | १,३२,१२,४[illegible] |
| १ | भन्सार | | ३५,८४,६६ | ३६,००,०[illegible] |
| | | (क) निकासीबाट | ३,७७,१७ | ५,००,०० |
| | | (ख) पैठारीबाट | २०,४४,७४ | २२,००,०० |
| | | (ग) भारतबाट अन्तः शुल्क फिर्ता | ११,२०,४१ | ११,५५,०० |
| | | (घ) विविध | ४२,६४ | ४५,०० |
| २ | अन्तःशुल्क | | १३,२०,३४ | १६,५०,०० |
| | | (क) ठेक्का रकम | ३,२०,५८ | ३,००,०० |
| | | (ख) औद्योगिक उत्पादन | ९,६७,२३ | १३,००,०० |
| | | (ग) विविध | ३२,५३ | ५०,०० |
| ३ | मालपोत | | ९,४७,६४ | ९,५०,०० |
| | | (क) रैकर | ९,४७,६४ | ९,५०,०० |
| ४ | वन | | २,३९,८८ | ५,००,०० |
| | | (क) लकडी बिक्री | २,१३,२९ | ४,७४,७५ |
| | | (ख) शिकार तथा रोयल्टी | ३ | २५ |
| | | (ग) विविध | २६,५६ | २५,०० |
| ५ | कर | | २८,५९,३९ | ३९,८१,[illegible] |
| | | (क) आय कर | ८,७१,७२ | १२,७५,[illegible] |
| | | (ख) मनोरञ्जन कर | ६९,६६ | ८८,०० |
| | | (ग) शहरी क्षेत्रको घर जग्गा | ३२,५५ | ३६,०० |
| | | (घ) सवारी कर | ७५,६२ | १,४४,०० |
| | | (ङ) हवाई उडान कर | २७,२२ | ५०,०० |
| | | (च) होटेल कर | ३४,७१ | ४८,०० |
| | | (छ) ठेक्का कर | ९४,७३ | १,००,०० |
| | | (ज) बिक्री कर | १६,१८,७५ | २२,००,०० |
| | | (झ) मोटर कर | २०,५४ | २०,०० |
| | | (ञ) घर बहाल कर | १३,८९ | २०,०० |
| ६ | रजिष्ट्रेशन | | ४,०७,३३ | ४,१६,७५ |
| | | (क) घर जग्गा | ३,९६,२६ | ४,०३,६५ |
| | | (ख) फाराम रजिष्ट्रेशन | ४,५५ | ५,०० |
| | | (ग) एजेन्सी रजिष्ट्रेशन | ८ | १० |

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

९४४

| क्रम संख्या | शीर्षक | उप-शीर्षक | २०३२।३३ को यथार्थ | २०३३।३४ को संशोधित अनुमान |
|---|---|---|---|---|
| | | (घ) बन्दूक, पिस्तोल रजिष्ट्रेशन | २,६९ | ३,०० |
| | | (ङ) सवारी लाइसेन्स | ३,७५ | ५,०० |
| ७ | सिंचाइ पानी | | ५,२७ | २४,९८ |
| | | (क) पानी पोत | २,७९ | २१,९८ |
| | | (ख) धारा महसूल | २,४८ | ३,०० |
| | सञ्चार | | ९५,२३ | १,२९,६२ |
| | | (क) हुलाक | ९५,२३ | १,२९,६२ |
| ९ | यातायात | | ६४,०५ | ८६,२३ |
| | | (क) हवाई | ४३,२७ | ६५,०० |
| | | (ख) विविध | २०,७८ | २१,२३ |
| १० | विद्युत् | | ७८,९५ | २,००,०० |
| | | (क) रोयल्टी | ४५,५७ | १,४७,१८ |
| | | (ख) अन्य | ३३,३८ | ५२,८२ |
| ११ | सांवा ब्याज तथा लाभांश | | १२,५६,०० | १०,५०,०० |
| | | (क) कम्पनी कर्पोरेशनलाई दिएको ऋणको ब्याज | १,३२,८० | ५८,३९ |
| | | (ख) सरकारी कर्मचारीलाई दिएको ऋणको ब्याज | १,९२ | २,०० |
| | | (ग) शेयर लगानी | ९,३६,३७ | ७,९४,०७ |
| | | (घ) कम्पनी कर्पोरेशनलाई गएको ऋण फिर्ता | १,७६,०२ | १,८५,५४ |
| | | (ङ) सरकारी कर्मचारीलाई गएको ऋण फिर्ता | ८,८९ | १०,०० |
| १२ | निजामती प्रशासन | | १,९१,६३ | २,१६,७५ |
| | | (क) न्याय | ४०,४८ | ४१,०० |
| | | (ख) शिक्षा | ११,१३ | १४,०० |
| | | (ग) स्वास्थ्य | ७,४८ | ११,०० |
| | | (घ) पशु तथा मत्स्यपालन | ११,१४ | १५,०० |
| | | (ङ) सूचना तथा प्रसार | ३,७२ | ५,०० |
| | | (च) विविध | १,१७,६८ | १,३०,७५ |
| १३ | विविध | | १,०५,५७ | १,०७,१६ |
| | | (क) पासपोर्ट र भिसा | २४,९६ | ५०,०० |
| | | (ख) अभियान रोयल्टी | २,९० | ३,०० |
| | | (ग) अरू फुटकर | ७७,७१ | ५४,१६ |

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## व्यय अनुमान
## (साधारण बजेट)

रू. हजारमा

| मुख्य शीर्षक | अनुदान संख्या | शीर्षक | २०३२।३३को यथार्थ | २०३३।३४ को संशोधित अनुमान | २०३४।३५ को अनुमान |
|---|---|---|---|---|---|
| १ संवैधानिक अङ्गहरू | १–१ | श्री ५ महाराजाधिराज तथा राजपरिवार | ७८,१२ | ७८,०० | ७८,६० |
| | १–२ | राजसभा | ३,३३ | ४,१० | ४,६० |
| | १–३ | राष्ट्रिय पञ्चायत | २७,०७ | ३५,८० | ३९,६१ |
| | १–४ | महालेखा परीक्षकको विभाग | २१,२१ | २२,५० | २४,५४ |
| | १–५ | सर्वोच्च अदालत | ९,१४ | १०,२० | १२,०१ |
| | १–६ | लोकसेबा आयोग | २१,९९ | २६,६० | २५,३४ |
| | १–७ | निर्वाचन आयोग | ४३,३७ | २६,२० | २४,२४ |
| | १–८ | गाउँफर्क राष्ट्रिय अभियान | — | ७०,०० | ९३,०२ |
| २ साधारण प्रशासन | २–१ | मन्त्रिपरिषद् | १५,५२ | २४,२० | २५,०० |
| | २–२ | श्री ५ को सरकारको सचिवालय | १,४४,८२ | १,५८,०० | १,९०,७२ |
| | २–३ | जिल्ला प्रशासन | १,५२,३४ | १,९०,६० | २,४१,[illegible] |
| | २–४ | प्रहरी | ६,५३,९४ | ७,२२,०० | ८,१२,८६ |
| | २–५ | कारागार | ८३,७० | ९९,०० | १,०१,८९ |
| | २–६ | विविध | ९८,०८ | ८६,३० | ६५,०२ |
| | २–७ | प्रशासनसुधार | ११,०० | १७,०० | १८,०० |
| ३ राजस्व प्रशासन | ३–१ | मालपोत | ७९,६२ | १,०३,१० | १,११,१४ |
| | ३–२ | भन्सार | ६४,६० | ६४,४० | ७४,९६ |
| | ३–३ | अन्तःशुल्क | २९,१८ | ३७,८० | ४७,८८ |
| | ३–४ | कर | २९,४६ | ३७,२० | ४४,५१ |
| | ३–५ | राजस्व न्यायाधिकरण | ४,२१ | १,१० | १,४६ |

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| मुख्य शीर्षक | अनुदान संख्या | शीर्षक | २०३२।३३ को यथार्थ | २०३३।३४ को संशोधित अनुमान | २०३४।३५ को अनुमान |
|---|---|---|---|---|---|
| ४ आर्थिक प्रशासन योजना | ४–१ | योजना | ६,०९ | ७,०० | ६,९३ |
| | ४–२ | तथ्याङ्क | १३,६७ | १६,३० | १७,५९ |
| | ४–३ | टक्सार | ३५,३३ | ८४,०० | १,५०,९७ |
| | ४–४ | महालेखा नियन्त्रकको कार्यालय | २४,६७ | २८,४० | ३३,२६ |
| | ४–५ | मेट्रिक नापतौल | ६,२९ | ९,६० | १२,०७ |
| ५ न्याय प्रशासन | ५–१ | अदालत | १,०२,१८ | १,१९,२० | १,३७,१६ |
| | ५–२ | महान्यायाधिवक्ताको कार्यालय | ३,५२ | ४,१० | ५,०० |
| ६ वैदेशिक सेवा | ६–१ | वैदेशिक सेवा | १,८४,५२ | १,९७,०० | २,३३,३० |
| | ६–२ | विविध | ६२,५७ | ५४,२० | ५५,१० |
| ७ रक्षा | ७–१ | रक्षा | १३,४६,३८ | १६,२०,२० | १७,३४,५८ |
| ८ सामाजिक सेवाहरू | ८–१ | शिक्षा | ७,७१,१५ | ६,८०,६० | ७,३५,७४ |
| | ८–२ | स्वास्थ्य | ३,३२,०८ | ३,६४,५० | ४,७२,५७ |
| | ८–३ | पिउने पानी | ८,६३ | ११,०० | १३,४१ |
| | ८–४ | पञ्चायत | १,६३,२८ | १,७६,६० | १,८८,७१ |
| | ८–५ | अन्य सामाजिक सेवाहरू | १,३९,६१ | १,७०,३० | १,९८,७८ |
| ९ आर्थिक सेवाहरू | ९–१ | कृषि | ५२,९६ | ६८,२० | ७९,३५ |
| | ९–२ | सिंचाइ | १७,४७ | २७,०० | ५१,९६ |
| | ९–३ | भूमिसुधार | १,००,६६ | १,१८,०० | १,३५,८९ |
| | ९–४ | नापी | १९,५८ | २८,१० | ३०,०१ |
| | ९–५ | वन | ५३,८५ | ९०,५० | ४१,०५ |
| | ९–६ | उद्योग तथा खानी | २०,३५ | २२,६० | २५,३० |
| | ९–७ | सञ्चार | १,९२,८७ | २,६१,७० | २,९०,२४ |
| | ९–८ | यातायात | २,०४,०९ | २,४०,२० | २,९९,७९ |
| | ९–९ | विद्युत् | ५१,४५ | ८२,६० | ८३,५६ |
| | ९–१० | अन्य आर्थिक सेवाहरू | ९,८६ | ११,२० | १०,८४ |
| १० ऋण तथा लगानी | १०–१ | ऋण र लगानी | ४२,०० | ९३,९० | ९५,०० |

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| मुख्य शीर्षक | अनुदान संख्या | शीर्षक | २०३२।३३ को यथार्थ | २०३३।३४ को संशोधित अनुमान | २०३४।३५ को अनुमान |
|---|---|---|---|---|---|
| ११ | ११–१ | साँवा भुक्तानी | १,६१,२१ | ४,०४,०० | ५,२७,१८ |
| साँवा र ब्याज भुक्तानी | ११–२ | ब्याज भुक्तानी | ४,७६,२७ | ५,७०,३० | ८,३६,१२ |
| १२ विविध | १२–१ | विशिष्ट व्यक्ति तथा प्रतिनिधिमण्डलको भ्रमण खर्च | ६४,११ | ६५,०० | ७०,०० |
| | १२–२ | निवृत्तभरण, भत्ता तथा उपदान | १,२४,७८ | १,३१,०० | १,३८,०० |
| | १२–३ | अतिथि सत्कार | २,५६ | २,०० | ४,०० |
| | १२–४ | आकस्मिक सहायता चन्दा र पुरस्कार | १८ | ५० | १,०० |
| | १२–५ | मुआव्जा | ७,२१ | १६,०० | १०,०० |
| | १२–६ | अन्य | २,२७,३७ | ५,६५,०० | ५,२०,७८ |
| | १२–७ | भैपरि आउने | १,४५,१८ | ४,५०,०० | १,००,०० |
| | | | ६७,४४,७१ | ८६,१०,६० | ६३,८५,२६ |

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## व्यय अनुमान
## (विकास बजेट)

रू. हजारमा

| मुख्य शीर्षक | अनुदान संख्या | शीर्षक | २०३२।३३ को यथार्थ | २०३३।३४ को संशोधित अनुमान | २०३४।३५ को अनुमान |
|---|---|---|---|---|---|
| २ साधारण प्रशासन | २–७ | प्रशासनसुधार | ६,०६ | ३३,१८ | ६,७४ |
| ४ आर्थिक प्रशासन र योजना | ४–१ | योजना | ६,०२ | १६,६२ | २७,०६ |
| | ४–२ | तथ्याङ्क | ३७,५० | २५,५१ | १६,३४ |
| ८ सामाजिक सेवाहरू | ८–१ | शिक्षा | १५,२३,४८ | १७,६०,५४ | २०,४०,६७ |
| | ८–२ | स्वास्थ्य | ६,३३,१५ | ७,४७,४५ | ११,६८,०३ |
| | ८–३ | पिउने पानी | २,६३,५६ | ६,६६,३७ | ८,८५,५६ |
| | ८–४ | पञ्चायत | २,६५,५४ | ५,०२,०७ | ६,६४,६७ |
| | ८–५ | अन्य सामाजिक सेवाहरू | १,६३,३५ | २,७१,२३ | ३,२३,८६ |
| ९ आर्थिक सेवाहरू | ९–१ | कृषि | २०,७३,१७ | २१,५०,८३ | २३,०६,४० |
| | ९–२ | सिंचाइ | ६,८०,८० | १३,६४,२४ | २५,१७,१४ |
| | ९–३ | भूमिसुधार | ६७,६६ | १,२४,६३ | १,१७,३१ |
| | ९–४ | नापी | १,३२,३६ | १,६६,६८ | ३,७८,१० |
| | ९–५ | वन | ३,६६,६२ | ४,६४,६६ | ६,१६,१४ |
| | ९–६ | उद्योग तथा खानी | ११,३६,२६ | १४,०१,२६ | १५,२७,२४ |
| | ९–७ | सञ्चार | ६३,८२ | १,४४,४६ | २,०६,६६ |
| | | (क) हुलाक | (१२,३३) | (२०,४६) | (२०,६६) |
| | | (ख) दूर सञ्चार | (८१,४६) | (१,२४,००) | (१,८६,००) |

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| मुख्य शीर्षक | अनुदान संख्या | शीर्षक | २०३२।३३ को यथार्थ | २०३३।३४ को संशोधित अनुमान | २०३४।३५ को अनुमान |
|---|---|---|---|---|---|
| | ९–८ | यातायात | ३३,६९,४८ | ३८,७७,९५ | ४८,०८,३७ |
| | | (क) सडकहरू | (२०,३१,३८) | (२२,४०,१६) | (४०,९०,०३) |
| | | (ख) पूलहरू | (३,०९,४६) | (१,६०,४२) | (१,६२,२१[illegible] |
| | | (ग) हवाई | (१०,२८,६४) | (१४,७७,३७) | (५,५६,१३) |
| | ९–९ | विद्युत् | ४,८५,८६ | ७,९२,७३ | २७,९६,३३ |
| | ९–१० | अन्य आर्थिक सेवा-हरू | १,८०,८२ | १,५९,३९ | १,४७,७६ |
| १२ | १२–६ | अन्य | १,६३,४९ | ३,००,०० | २,२८,०० |
| विविध | १२–७ | भैपरि आउने | ४६,४० | ७५,०० | १,००,०० |
| | | | १,२३,८८,८९ | १,५१,०५,४० | २,१४,८८,९८ |

मुद्रण विभाग

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# परिवर्त्य विदेशी विनिमयको आय–व्यय विवरण

रू. हजारमा

| क्रम संख्या | शीर्षक | २०३२।३३ को यथार्थ | २०३३।३४ को संशोधित अनुमान | २०३४।३५ को अनुमान |
|---|---|---|---|---|
| | आय | ८३,०४,०५ | ९४,००,०० | १,००,००,०० |
| १ | अदृश्य निर्यात | ३५,३८,७४ | ४१,५०,०० | ४५,००,०० |
| | (क) निवृत्तभरण र तलब | (९,९३,४८) | (१०,५०,००) | (११,००,००) |
| | (ख) लगानीको ब्याज | (६,६२,९७) | (७,००,००) | (७,००,००) |
| | (ग) पर्यटन | (१८,८२,२९) | (२४,००,००) | (२७,००,००) |
| २ | मालसामानको निर्यात | २६,५२,७६ | ३०,५०,०० | ३३,००,०० |
| ३ | कूटनैतिक नियोगहरू | २,९९,९२ | ५,००,०० | ५,५०,०० |
| ४ | विदेशी सहायता (अनुदान तथा ऋण) | १३,१९,६३ | १३,००,०० | १२,००,०० |
| ५ | विविध | ४,९३,०० | ४,००,०० | ४,५०,०० |
| | व्यय | ६०,८२,०२ | ६०,५०,०० | १,०६,३६,८९ |
| १ | अदृश्य आयात | ८,५३,३० | ६,००,०० | ७,००,०० |
| २ | मालसामानको आयात | ४७,२८,७१ | ४८,००,०० | ९०,००,०० |
| | (क) विकास सामानहरू | (२०,४५,१०) | (१८,००,००) | (५०,००,००) |
| | (ख) उपभोग्य सामानहरू | (२६,८३,६१) | (३०,००,००) | (४०,००,००) |
| ३ | कूटनैतिक नियोगहरू | १,८५,६१ | २,००,०० | ३,०२,८१ |
| ४ | ऋण मोचन कोष | १,११,३८ | ३,००,०० | ५,५०,४० |
| ५ | विविध | २,०३,०२ | १,५०,०० | ८३,६८ |
| | बचत (+) घाटा (−) | २२,२२,०३ | ३३,५०,०० | − ६,३६,८९ |

आज्ञाले–
नरकान्त अधिकारी
श्री ५ को सरकारको सचिव

श्री ५ को सरकारको छापाखाना, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

929

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।